# लेखापरीक्षण प्रतिवेदन

## गैंडाकोट नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गैंडाकोट नगरपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/267

श्रीमान् प्रमुखज्यू,
गैंडाकोट नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
नवलपरासी (बर्दघाट सुस्तापूर्व)

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/267

श्रीमान प्रमुखज्यू,
गैंडाकोट नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्तापूर्व)।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथाटिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितकोप्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै, सोही ऐनको दफा ३६(१) बमोजिम कार्यालयको सरकारी नगदी, जिन्सी, आय-व्यय तथा कारोबारसम्बन्धी लेखा, स्रेस्ता र कागजात लेखापरीक्षणको सिलसिलामा माग भएमा तोकिएको अवधिभित्र पेस गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ। यस नगरपालिकाको विनियोजनतर्फ रु. २५ करोड ३७ लाख ४५ हजार बराबरको स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४ गते भएको आन्दोलन तथा घटनाका कारण लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन ।

२.२. नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ९४ लाख ३१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१२ लाख ५५ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु ७८ लाख ६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३८ लाख २ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४७ लाख ३३ हजार र पेश्की बाँकी रु. १८ लाख ३२ हजार गरी जम्मा रु.३ करोड ८१ लाख ७५ हजारबाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.७ करोड ६९ लाख ५३ हजारमध्ये रु.२ करोड ६८ लाख २० हजार फस्यौंट भई यस वर्षको थपसमेत हालसम्मअद्यावधिक बेरुजू रु.८ करोड ८३ लाख ८ हजार बाँकी रहेको छ। बेरुजु

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-**लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही रयथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | ५५ | ३,९४,३१,३७० | ० | १२ | १२,५५,६७४ | ० | ५७ | ४३ | ३,८१,७५,६९६ | ७८,०६,७३७ | २,४७,३३,९६२ | ३८,०२,९९६ | ० | ० | २,८५,३६,९५८ | १८,३२,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पूर्व | ७,६९,५३,७८६ | | २,६८,२०,७८३ | ५,०१,३३,००३ | | ३,८१,७५,६९६ | ८,८३,०८,६९९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | **प्रतिकृयाबाट सम्परीक्षण गरिएको** | |
| १ | २०८१/८२ | | पारिश्रमिक आय कर- | १४,३३५ |
| २ | २०८१/८२ | | नर्म्सभन्दा बढी दरमा भुक्तानी- | ३,९१० |
| ३ | २०८१/८२ | | जयश्री खोला तटबन्धन कार्य - | १२,२६,५५० |
| ४ | २०८१/८२ | | अतिरिक्त समय भत्ता- | १०,८८० |
| | | | **जम्मा** | **१२,५५,६७४** |
| | | | **गत आर्थिक बर्षको सम्परीक्षण गरिएको** | |
| ५ | २०८०/८१ | | सञ्चालन अनुदानः | ४,९७,३७३ |
| ६ | २०८०/८१ | | संघीय कार्यालय अनुदानः | ६,९५,७३६ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | | मेयर कपः | ४,००,००० |
| ८ | २०८०/८१ | | फरक क्रियाकलापः | ४,८५,००० |
| ९ | २०८०/८१ | | निशुल्क पाठ्यपुस्तक अनुदानः | ५,९२,३९३ |
| १० | २०८०/८१ | | नगरपालिका तर्फ बढी व्ययभारः | १,२१,६२,४५८ |
| ११ | २०८०/८१ | | औषधि आपूर्तिः | ६०,००० |
| १२ | २०८०/८१ | | उपभोक्ता समितीवाट जटिल प्रकृतिको कार्यः | ४३,१२,५७६ |
| १३ | २०८०/८१ | | इन्टरनेट जडानः | ३,२४,००० |
| १४ | २०८०/८१ | | अधुरो अवस्थामा कार्य स्वीकारः | ६,२७,४४४ |
| १५ | २०७९/८० | | सम्बन्धित पाटिको नाम EFT नगरि भुक्तानी गरिएको : | ३,५६,६०६ |
| १६ | २०७९/८० | | विपद व्यवस्थापन कोष : | ५,००,००० |
| १७ | २०७९/८० | | प्राविधिक धार संचालनमा रहेका विद्यालयलाई अनुदान : | २,०४,००० |
| १८ | २०७९/८० | | नमुना विद्यालयः | ३,२४,००० |
| १९ | २०७९/८० | | जाली खरिद संख्या भन्दा वढीको ढुंगा भर्ने कार्यः | ९३,४५० |
| २० | २०७९/८० | | उपभोक्ता समितीवाट जटिल प्रकृति योजनाः | ३९,६०,८८७ |
| २१ | २०७९/८० | | अन्य निकायको खर्च/ असम्बन्धित खर्च : | १२,२४,८६० |
| | | | **जम्मा** | **२,६८,२०,७८३** |
| **कुल जम्मा** | | | | **२,८०,७६,४५८** |

# गैंडाकोट नगरपालिका, नवलपुर

# ( ८०४४६४०२३०० )

# गैडाकोट नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १८ वडा रहेको छ भने क्षेत्रफल १५९.९३ वर्ग किलोमिटर तथा ७९ हजार ३४९ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।८ देखि २०८२।८।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय-व्ययको गरी जम्मा रु.२,५९,९२,०८,०५४।५६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,००,१६१।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | दाखिला रकम |
|---|---|---|
| १ | टुकबहादुर सुवेदीको पारिश्रमिक आय कर | १३९९५ |
| २ | बालकृष्ण पराजुली पारिश्रमिक आय कर | १०८८२ |
| ३ | शरण किरण रानाभाट पारिश्रमिक आय कर | १३९९५ |
| ४ | गीता शर्मा पारिश्रमिक आय कर | ३०९९ |
| ५ | विष्णु प्रसाद पौडेल पारिश्रमिक आय कर | ७९४१ |
| ६ | ने रा श मा वि पाठ्यपुस्तक बढी निकासा | ३७९२ |
| ७ | गैरआवासीय छात्रवृत्ति बढी निकासा | ४१२०० |
| ८ | कृषकहरूलाई बढी भुक्तानी | ८४८८७ |
| ९ | प्रमोद कुमार पौडेल | ३२७६ |
| १० | तुलसी कँडेल | १३९९५ |
| ११ | पदम प्रसाद अधिकारी | ३०९९ |
| | जम्मा | २००१६१ |

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| **सुरु मौज्दात** | **११४३८७०११.९** | **चालु खर्च** | **५९८०६०२५४.८६** |
| १.संचित कोष | ६४९५९६७४.४५ | १. पालिका तर्फ | २९१८०३५४९.३ |
| २.धरौटी | १११६३३५८.९७ | २. संघीय सशर्त | ३०६२५६७०५.५६ |
| ३.कार्यसञ्चालन कोष | ३८२६३९७८.४८ | **पुँजीगत खर्च** | **३०१९५४८५३** |
| **यस वर्षको आय** | | १. पालिका तर्फ | २७३४९६१५४ |
| **१.आन्तरिक आय** | **१२४६४४६२२.७८** | २. संघीय सशर्त | ६४८०००० |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | **६२२३४९५७८.०८** | ३. संघीय विशेष | ११९८४२४१ |
| क) समानीकरण अनुदान | १५३७८९७६० | ४. प्रदेश विशेष | ४०००००० |
| ख) राजस्व बाँडफाँट | १२२९२८५०४.३ | ५. प्रदेश समपुरक | ५९९४४५८ |
| ग) सशर्त अनुदान | ३३३६४७०७२.७८ | **अन्तर सरकारी अख्तियारी (संघ)** | **३२७६९१२७८** |
| घ) विशेष अनुदान | ११९८४२४१ | क) सामाजिक सुरक्षा | २८०८३७६०० |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | **१००३०८६१०.९६** | ग) पर्यटन पूर्वाधार बिकास आयोजना | १९०९३२५३ |
| क) समानीकरण अनुदान | २३२१०००० | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (चालु) | १२७८३६९८ |
| ख) राजस्व बाँडफाँट | ६७१०१३८१.९६ | ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (पुँजिगत) | ३६६५९५४ |
| ग) समपुरक अनुदान | ५९९७२२९ | च) एकीकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम | ११३१०७७३ |
| घ) विशेष अनुदान | ४०००००० | **धरौटी फिर्ता तथा सदर स्याहा** | **७१४३१०४.०२** |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | **३२७६९१२७८** | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | **६८८८५१३८.३५** |
| क) सामाजिक सुरक्षा | २८०८३७६०० | **अनुदान फिर्ता** | **२०९१३१३८.२२** |
| ख) पर्यटन पूर्वाधार बिकास आयोजना | १९०९३२५३ | १. संघ तर्फ | **२०९१०३६७.२२** |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (चालु) | १२७८३६९८ | क) सशर्त अनुदान | २०९१०३६७.२२ |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (पुँजिगत) | ३६६५९५४ | २. प्रदेश तर्फ | **२७७१** |
| ङ) एकिकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम | ११३१०७७३ | क) समपुरक अनुदान | २७७१ |
| **७. धरौटी आय** | **१०७१०५४६** | **अन्तिम मौज्दात** | **६४२९९५३३.५६** |
| **८. कार्यसञ्चालन कोष आय** | **५२६२९७९७.४८** | १. संचित कोषको मौज्दात | २७५६००९५ |
| | | २. धरौटी | १४७३०८००.९५ |
| **आय व्ययको फरक रकम** | **३६२२५८५४.८१** | ३. कार्यसञ्चालनकोष | २२००८६३७.६१ |
| **जम्मा** | १३८८९४७३००.०१ | **जम्मा** | १३८८९४७३००.०१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण-**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२८,०८,३७,६००।-, पर्यटन पूर्वाधार पूर्वाधार विकास आयोजनाको रु.१,९०,९३,२५३।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालुको रु.१,२७,८३,६९८।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुँजीगतको रु.३६,६५,९५४।– र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,१३,१०,७७३।- समेत गरी रु.३२,७६,९१,२७८।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.३ **आय व्यय फरकः** कार्यालयको कुल आम्दानी (मौज्दात अ.ल्या. समेत) र कुल खर्च (बैंक मौज्दात बाँकी समेत) बराबर हुनुपर्दछ। कार्यालयले यो आर्थिक वर्षमा कुल आयतर्फ रु.१,३८,८९,४७,३००।०१ र व्ययतर्फ रु.१,३८,८९,४७,३००।०१ आम्दानी र खर्च भएको एकीकृत आय-व्यय विवरण पेस गरेको छ। आय-व्यय विवरणमा आयभन्दा व्यय/बैंक मौज्दात बढी रु.३,६२,२५,८५४।८१ भई फरक परेको सम्बन्धमा बैङ्क हिसाव मिलान बिबरण तयार गरी यकिन गर्नुपर्दछ।

३.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातबीच रु.६९,५९,११६।४० फरक पर्न गएको छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २०६००९७८.८९ | २७५६००९५.२९ | ६९५९११६.४० |
| विविध खर्च खाता | ७६६८६५३.६१ | ७६६८६५३.६१ | |
| विपद व्यवस्थापन खाता | ५९५४६३९.०० | ५९५४६३९.०० | |
| कर्मचारी कल्याण कोष खाता | ८२८५३४५.०० | ८२८५३४५.०० | |
| धरौटी | १४७३०८००.९५ | १४७३०८००.९५ | |
| बाल कोष | १००००००.०० | १००००००.०० | |
| जम्मा | ५७३४०४१७.४५ | ६४२९९५३३.८५ | ६९५९११६.४० |

४ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना तयार नगरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको।

**विविधतर्फ**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।
- निजी स्वामित्वमा रहेको जग्गामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिमा नियन्त्रण नगरेको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५ **आय अनुमान-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५,५९,००,०००।– (दहत्तर बहत्तर बाहेक) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१७,२९,७७,०००।- अर्थात अनुमान भन्दा ३२.४० प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

६ **कर तथा शुल्क असुली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५१०००००० | १२८९१८७३ | ८५.३७ |
| घरजग्गा वहाल कर | १८०००००० | १७७३७४७८ | ९८.५४ |
| व्यवसाय कर | १४०००००० | ८४३५१४४ | ६०.२५ |
| वहाल विरौटी शुल्क | ५००००० | ३७५९११ | ७५.१८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

७ **करदाता दर्ता-**

नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा(१ देखि १२)सम्ममा उल्लेख भएवमोजिम यस नगरपालिकाको क्षेत्रभित्र कुनैपनि आर्थिक कारोवार गरेमा सम्वन्धित दफा तथा अनुसुची वमोजिम दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८१।८२ सम्म विभिन्न शीर्षकमा निम्नानुसार करदाता करको दायरामा आएको देखिन्छ।

| | |
|---|---|
| यो आर्थिक वर्ष दर्ता भएका जम्मा करदाता | २८३० |
| यो आर्थिक वर्ष दर्ता भएका जम्मा व्यवसाय भएका करदाताहरू | १६१२ |
| यो आर्थिक वर्ष कर तिर्ने जम्मा करदाता | ४४४२ |
| यो आर्थिक वर्ष सम्पत्तिकर तिर्ने जम्मा करदाता | १४८०९ |
| यो आर्थिक वर्ष मालपोत तथा भूमिकर तिर्ने जम्मा करदाता | १९३२५ |
| यो आर्थिक वर्ष व्यवसायकर तिर्ने जम्मा करदाता | ५७३५ |
| यस आर्थिक वर्षको जम्मा कर तिर्ने बाँकी करदाताहरू | १७९६६ |
| जम्मा दर्ता भएका करदाताहरू | ३७२९१ |
| जम्मा व्यवसाय भएका करदाताहरू | ४२१९ |

- हालसम्म ३७२९१ करदाताहरू दर्ता भएकोमा १७९६६ करदाताले कर दाखिला गर्न बाँकी नै रहेको देखिन्छ। जसबमोजिम ४८.१८ प्रतिशत करदाताले करदाखिला नगरेकोपालिकाबाट प्राप्त विवरबाट देखिन्छ। कुल दर्तामध्ये कर नतिर्ने ती करदाताको कुल राजस्व वक्यौता रकम विवरण देखिँदैन। करदाताको कर वक्यौता प्रणालीलाई रियलटाईम देखिने गरी (Arrear Management system) विकास गरिनुपर्दछ।
- **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८४,३५,१४३।८० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको यथार्थ अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। स्थानीय सरकार गठन भई सकेपछि नगरपालिकाको वडा कार्यालय समेतले व्यवसाय दर्ता गर्ने र घरेलु तथा साना उद्योग कार्यालयमा अनिवार्य रुपमा दर्ता गर्ने प्रावधान नहुँदा कति व्यवसाय दर्ता भएका छन् भन्ने यकिन गर्न सकिएन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।
- पालिकामा दर्ता भएका करदातामध्ये पनि कुल ४८.१८ प्रतिशत करदाताले कर दाखिला गरेको देखिँदैन। यस सम्बन्धमा पालिकाले प्रत्येक वर्ष आर्थिक ऐनबाटै छुट सहुलियत जरिवाना मिनाहा दिने प्रावधान राखेको छ। यद्यपि करदातालाई यस सम्वन्धी सुचना प्रवाहको कमीले छुट

सहुलियत लिने र समयमै कर दाखिला गर्ने तथा कर सहभागिता प्रणालीको विकास भएको छैन। यस सम्बन्धमा पालिकाले कर सचेतीकरण घरदैलौ कर सप्ताह जस्ता प्रवर्दनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

८ **बजेट पेस, पारित र अख्तियारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।५ मा रु.१ अर्ब ४ करोड ७७ लाख ५६ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८१।३।७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ७९.०२ प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

९ **खरिद गुरुयोजना-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३०,१९,५७,६२४।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाएकोमा गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६७७०१००० | ५३२९२९३९ | ५.७९ |
| २ | सामाजिक विकास | ४५०४३८०६७ | ४१९२२४४०३ | ४५.५२ |
| ३ | पूर्वाधार विकास | २९६९१६४०७ | २४८०२०७५७ | २६.९३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९०७६५२६ | १८९९३६७६ | २.०६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०३६२४००० | १८१३९६४७१ | १९.७० |
| | कुल जम्मा | १०४७७५६००० | ९२०९२८२४६ | १००.०० |

उपर्युक्त विवरण अनुसार पालिकाले गरेको कुल खर्चमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.५२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.०६ प्रतिशत रहेको छ।

११ **त्रैमासिक पुँजीगत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च रु. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ३०१९५९ | १३६३८ | ४६३५७ | ४५१५६ | १९६८०८ | १४७७२२ |
| प्रतिशत | १००.०० | ४.५२ | १५.३५ | १४.९५ | ६५.१८ | ४८.९२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३० करोड १९ लाख ५८ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ३६ लाख ३८ हजार (४.५२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४ करोड ६३ लाख ५७ हजार (१५.३५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ५१ लाख ५६ हजार (१४.९५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१९ करोड ६८ लाख ८ हजार (६५.१८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.१४ करोड ७७ लाख २२ हजार (४८.९२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२ **योजना प्राथमिकीकरण-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १८ वडाको लागि वडागत र पालिकास्तरका कुल ६५२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २२२ | ३४ | ५६ | १३२ |
| २ | वडास्तरीय | ४३० | ३ | ८६ | ३४१ |
| | जम्मा | ६५२ | ३७ | १४२ | ४७३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१३ **पदाधिकारी सुविधा-**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ९३ जना पदाधिकारीहरूलाई पदाधिकारी सुविधामा रू.१,९०,४०,९९१।-, पदाधिकारी बैठक भत्तामा रु.३२,४०,०००।– र पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्ता रू.१,५०,०००।– समेत रु.२,२४,३०,९९१।- खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

१४ **ठेक्का व्यवस्था-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा १.२१ देखि ४८.३२ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

यसबाट लागत अनुमान यर्थाथपरक नभएको कारण कतिपय ठेक्कामा लागत अनुमानको हाराहारीमा सम्झौता हुने र कतिपयमा अत्यन्त न्युन रकममा सम्झौता हुने गरेको छ । लागत अनुमान यर्थाथपरक हुनुपर्दछ ।

| सि नं | ठेक्का नं | काम को विवरण | निर्माण कर्ताको नाम | लागत अनुमान VAT र PS सहित | सम्झौता रकम VAT र PS सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | 01/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिका वडा १०-१७ मा नारायणी नदीको किनारमा चेनलिङ्क बार लगाउने जाली निर्माण | साथी समाज निर्माण | ८७४९१९७ | ५८७८४६९ | ३२.८१ |
| २ | 02/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिकाको वडा नं. ३ ४ ७ ८ र ९ मा जयश्री खोलामासंरक्षण ग्याबियन पर्खाल निर्माण | जयश्री कालीगण्डकी ग्रुप अफ कन्स्ट्रक्सन | १३७३७५१८ | ७४९७१२० | ४५.४३ |
| ३ | 03/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिकाको वडा नं. १-९ नवलपुर (२०८१-०८२) मा गैंडाकोटचक्रपथ निर्माण र स्तरोन्नति | साथी समाज निर्माण | २०९९२७४ | १५९४७६१ | २४.०३ |
| ४ | 04/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिकाको वडा नं. ९ मा मेला काग्यु लिनाग महाबुद्ध गुम्बामा बाटो र पार्किङ निर्माण | एसआरएन दीपिका कन्स्ट्रक्सन प्रा. | २१८७७३८ | १५७८३१४ | २७.८६ |
| ५ | 05/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिकाको वडा नं. १ मा वडा कार्यालय भवनको पहिलोतल्ला निर्माण | ड्रीमलाइन कन्स्ट्रक्सन प्रा | ३६७९३२७ | २७४६९९१ | २५.३४ |
| ६ | 06/GM/NCB/2081-082 | नवलपरासी (पूर्व) को गैंडाकोट नगरपालिकाको वडा ३ ४ ७ ८ र ९ मारहेको जयश्री खोलामा नदी तालिम कार्य निर्माण | जयश्री कालीगण्डकी ग्रुप अफ कन्स्ट्रक्सन | १२२१७१०० | ६३१४१५७ | ४८.३२ |
| ७ | 07/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिकाको वडा नम्बर ३ मा धोदेनी लिफ्टिङ सिँचाइ परियोजनाको लागि संरचना निर्माण | कालीगण्डकी निर्माण सेवा | ८२०८०११ | ६१८६७१० | २४.६३ |
| ८ | 08/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिका नवलपरासी (पूर्व) को वडा नम्बर १३ कोकार्यालय भवन निर्माण | नयाँ बिल्डकन डिजाइन र विकासकर्ताहरू | ९७२८४४६ | ७१६५०६३ | २६.३५ |
| ९ | 09/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिका नवलपरासी (पूर्व) को वडा नम्बर २ को वडाकार्यालय भवन निर्माण | नयाँ बिल्डकन डिजाइन र विकासकर्ताहरू | १०३१८११३ | ७००३०३८ | ३२.१३ |
| १० | 10/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिका वडा नम्बर १ मा मौलाकालिका स्लेट मार्गनिर्माण | P.K स्टोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि गलकोट—३ बाग्लुङ | ११८४९६७१ | ८९७३३७९ | २४.२७ |
| ११ | 11/GM/NCB/2081-082(2ndtime) | गैंडाकोट नगरपालिका-१ नवलपरासी (पूर्व) मा मौलाकाली मन्दिरमाधर्मशाला (कंक्रिट संरचना) दोस्रो पटक निर्माण | प्रभु कौशिका निर्माण सेवा प्रा. लिमिटेड रोजी-६ काभ्रेपलाञ्चोकनेपाल | १२०९००८६ | ९०२८७८३ | २५.३२ |
| १२ | 12/GM/NCB/2081-082(2ndtime) | गैंडाकोट नगरपालिका-१ नवलपरासी (पूर्व) मा मौलाकाली मन्दिरमाधर्मशाला (स्टील संरचना) दोस्रो पटक स्तरोन्नति/ निर्माण | दयाश्री कन्स्ट्रक्सन प्रा. लिमिटेड नयाँ बानेश्वर काठमाडौं-१०नेपाल | ७३८३०२८ | ७२९४००४ | १.२१ |
| १३ | 13/GM/NCB/2081-082 | गैंडाकोट नगरपालिका वडा नम्बर १ मा कुमाल चोकदेखि सुन्दर चोकसडकको स्तरोन्नति (कालोपत्र) | Atut इन्जिनियरिङ प्रा. लिमिटेड गोकर्णेश्वर-९ काठमाडौं नेपाल | ५१२७५३० | ४५४२०८८ | ११.४२ |
| १४ | 14/GM/NCB/2081-082 | जयश्री खोला फेज २ वडा नम्बर २ मा संरक्षण ग्याबियन पर्खालनिर्माण ३ ४ ७ ८ र ९ गैंडाकोट नगरपालिका (२०८१-०८२) | जयश्री कालीगण्डकी ग्रुप अफ कन्स्ट्रक्सन काठमाडौं—३१ नेपाल | ६०७०२२५ | ४५८८३७२ | २४.४१ |
| १५ | 15/GM/NCB/2081-082 | नवलपरासी (पूर्व) को गैंडाकोट नगरपालिकाको वडा ३ ४ ७ ८ र ९ माअवस्थित जयश्री खोला फेज २ मा नदी तालिम कार्य निर्माण | जयश्री कालीगण्डकी ग्रुप अफ कन्स्ट्रक्सन काठमाडौं—३१ नेपाल | ६०२२७९६ | ४९९४१५८ | १७.०८ |
| १६ | 16/GM/NCB/2081-082 | नवलपरासी (पूर्व) को गैंडाकोट नगरपालिका-०७ मा मासु कारखानादेखिजयश्री पुल (२०८१-०८२) सम्मको कडा फुटपाथ सडक निर्माण | अटुट इन्जिनियरिङ प्रा. लिमिटेड गोकर्णेश्वर-९ काठमाडौं नेपाल | ४८७३६९५ | ४१६३८३१ | १४.५७ |
| १७ | 17/GM/NCB/2081-082 | नवलपरासी (पूर्व) को गैंडाकोट नगरपालिकाको वडा १५ मा वडाकार्यालय भवनको काम सम्पन्न | इसानी डिजाइनर एण्ड बिल्डर्स गण्डकी गाउँपालिका-७ गोरखा नेपाल | ३७२३५७४ | २८४२०४३ | २३.६७ |
| १८ | 18/GM/NCB/2081-082 | नवलपरासी (पूर्व) को गैंडाकोट नगरपालिकाको वडा १६ को कार्यालयभवन निर्माण | रोभ कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा. लि. भरतपुर-९ चितवन | १४२५६४०० | ८९९७७९९ | ३६.८९ |

## १५ ठेक्का अभिलेख-

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४८ कर्मचारीको रु. १,९६,३७,९१३।- र पालिकाका कर्मचारीको रु.५,३३,०७,९८०।- समेत रु.7,२९,४५,८९३।- खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१७ **करार कर्मचारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा नगरसभाबाट पारित संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) अनुसारको दरबन्दीमा २२ जना करार नियुक्ति गरी वर्षभरीमा रु.८०,६४,६६०।- भुक्तानी गरेको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी मितव्ययी रुपमा करार कर्मचारी नियुक्त गर्नुपर्दछ।

१८ **सेवा प्रवाह-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ। यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छः

| क्र.सं. | विवरण | संख्या | क्र.सं. | विवरण | जम्मा |
|---|---|---|---|---|---|
| **१** | **पञ्जिकरणतर्फ** | | **२** | **पूर्वाधारतर्फ** | |
| क | जन्मदर्ता | ११२४ | **क** | कालोपत्रे सडक निर्माण | ६.७ कि.मि |
| ख | मृत्युदर्ता | ३६५ | **ख** | कालोपत्रे सडक मर्मत | ८.११ कि.मि |
| ग | बसाईसराई दर्ता | 759 | **ग** | ग्राभेल सडक निर्माण | ३.३कि.मि |
| घ | विवाह दर्ता | ६१३ | घ | ग्राभेल सडक मर्मत | २.७ कि.मि |
| ङ | सम्बन्धविच्छेद दर्ता | ९७ | | | |

आंशिक रुपमा प्राप्त विवरण माथिको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवाप्रवाह विवरणलाई अभिलेखीकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

१९ **अवकाष कोष-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। पालिकाले कोष संचालन सम्बन्धमा कार्यविधि समेत निर्माण नगरेकोले अवकाष कोष संचालन कार्यविधि निर्माण गरी रकम परिचालन तथा उपयोग गर्नुपर्दछ।

२० **कार्य सञ्चालन तथा अन्य कोष-**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन र बालबालिका सम्बन्धी विवध

खर्च जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको सहित रु.२ करोड ५१ लाख २३ हजार आय र रु.१ करोड ७ लाख ८३ हजार खर्च गरी रु.१ करोड ४३ लाख ३९ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| | | | | |
|---|---|---|---|---|
| **कोषकोनाम** | **शुरुमौज्दात** | **योवर्षथप** | **योवर्षकोखर्च** | रकम रु. हजारमा **बाँकी** |
| कर्मचारी कल्याणकोष | ६२८५ | २००० | ० | ८२८५ |
| विपद् कोष | १६७३८ | ० | १०७८३ | ५९५४ |
| बालबालिका सम्बन्धि बिबिध कार्यक्रम संचालन | ० | १०० | ० | १०० |
| **जम्मा** | २३०२३ | २१०० | १०७८३ | १४३३९ |

२१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा श्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

२२ **जिन्सी निरीक्षण-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको र २०८२।५।२४ मा जेनजी आन्दोलका क्रममा विभिन्न जिन्सी मालसामानहरू आगलागी र तोडफोड भएकाले नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२३ **जिन्सी अभिलेख-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ। कार्यालयका विभिन्न विषयगत शाखा र वडाबाट खरिद गरिएका जिन्सी मालसामानहरू म्यानुअल्ली दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक

गर्नुपर्दछ।

२४ **सफ्टवेयर खरिद-**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गर्नुपर्ने र नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.२४,७३,८५४।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्शदाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

| क्र.सं | कार्यक्रमको नाम | खरिद गरेको बर्ष | सफ्टवेयर खरिद खर्च |
|---|---|---|---|
| १ | भवन अनुमति फाइलहरूको डिजिटलाइजेसन | २०८१।८२ | १९८२५८५ |
| २ | विद्यालय सफ्टवेयर | २०८१।८२ | ४९१२६९ |
| | **जम्मा** | | २४७३८५४ |

२५ **फोहरमैला व्यवस्थापन-**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२६ **कानुन निर्माण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले हालसम्म १२ वटा ऐन, ८ वटा नियमावली, ३३ कार्यविधि र ४ निर्देशिका लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

२७ **न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७८ र यो वर्ष थप भएको ६८ गरी कुल १४६ विवाद दर्ता भएकोमा ७३ वटा मात्र फर्स्यौट भई ७३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२८ **सहकारीतर्फ-**

२८.१ **सहकारी नियमनः** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले

उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सबै विवरण अद्यावधिक गर्न बाँकी देखियो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२८.२ **सहकारी संस्थाको अनुगमनः-** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छः

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरू |
|---|---|---|
| २६ | १० | २ सहकारी निस्कृय |

पालिकाले यो वर्ष ८ सहकारी संस्थाको नियमित अनुगमन र २ संस्थाको सघन अनुगमन गरेको विवरण प्राप्त भएको छ। अनुगमन गरिएका अधिकांश सहकारीले उचित धितो तथा कमसल जग्गा राखेर ऋण प्रवाह गरेको, सञ्चालक समितिका पदाधिकारी र परिवारको नाममा विना धितो लगानी, सहकारी एकीकृत सूचना प्रणाली कोपोमिसमा सम्पूर्ण सहकारीको रिपोर्ट संलग्न नगरिएको, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारीले आफ्नो दायित्व अनुसारको कार्य नगरिएको, शेयर धितोमा ऋण लगानी गरिएको, गैह्र सदस्य तथा कार्यक्षेत्र बाहिर लगानी गरिएको, एउटै व्यक्तिलाई प्राथमिक पुँजिकोषको १० प्रतिशत भन्दा बढी लगानी गरिएको, बचत तथा ऋण बाहेकका सहकारीले समेत बचत तथा ऋणलाई नै प्राथमिकता दिई कार्य गरिएको, लेखा परीक्षण प्रतिवेदनले वास्तविक र यथार्थ चित्रण नगरेको, सहकारीका निर्णयहरू पारदर्शी एवं सञ्चालक समितिमा व्यापक छलफलबाट पारित गरिनुपर्नेमा सो नगरिएको, संस्थामा अध्यक्ष र प्रबन्धकको बोलबाल रहेको, प्रशासनिक खर्च अत्याधिक रुपमा गर्ने गरेको, ऋण लगानी गर्दा आवश्यक काजगपत्र र फाईल व्यबस्थापनमा कमजोरी रहेको र २ सहकारी निस्कृय रहेको लगायतका जस्ता बेहोराहरू उल्लेख छ । सहकारी संस्थाहरूले कानुनको परिपालना गर्ने, समस्याग्रस्त हुन नदिने एवं निरीक्षण र अनुगमनको नतिजालाई अझ प्रभावकारी बनाउन अनुगमनबाट देखाइएको कैफियतहरूको सम्बन्धमा सुधार गरी कानुनमा उल्लेख भएअनुसार कारबाही गर्नुपर्दछ ।

२८.३ **सहकारी बचत तथा कर्जा सुरक्षण कोष :** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा संस्थाहरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ। पालिकाभित्रका सहकारीहरूको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरी नागरिकहरूको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरी कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ।

२९ **विविध खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट रु.४५ लाख खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ। त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

३० **पेस्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.११,००,०००।– बाँकी रहेकोमा स्थानीय विकास प्रतिष्ठानको रु.३००००।– र रु.४,००,०००। आ.व. २०८२।८३ को गो.भौ.नं. ४।२०८२।८।१५ बाट पेस्की फस्र्यौट गरिएको हुँदा लगती कायम गरिएको छैन भने बाँकी रु.४,००,०००।- पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| क.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्तीफर्म वा कम्पनीको नाम | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | २०८२/०३/२३ | ६३६ | बसेनी सडक मर्मत | रामु पौडेल | ४००००० |

| | |
|---|---|
| पेश्की | ४,००,००० |

३१ **नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण-**

यस नगरपालिका क्षेत्रभित्र पर्ने निम्न बमोजिम खोला नदीहरूको माटो, बालुवा तथा अन्य नदीजन्य पदार्थ उत्खनन,संकलन तथा बिक्री वितरण गर्ने कार्यको लागि ग्रीन साहारा कन्सल्टिङ्ग एन्ड कन्स्ट्रक्शन प्रा.लि.मार्फत तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार उत्खनन परिमाण नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी प्रति घन मिटर रु.३१८। का दरले लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गरिएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

| ठेक्का नम्बर | खोला÷ नदीको नाम | उत्खनन संकलन क्षेत्र | IEE प्रतिवेदन अनुसार उत्खनन् गर्न सकिने परिमाण ( घ.मि. ) | फर्मको नाम | न्युनतम बिक्री मूल्य (कर बाहेक ) | सम्झौता रकम(कर बाहेक ) |
|---|---|---|---|---|---|---|
| ३—०८१÷८२ | नारायणी नदी | जैनटार, वडा नं.९ | ८०४३०.३० | ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्शन एन्ड सप्लायर्स | २५५७६७४० | २६७२६८८९ |
| ४—०८१÷८२ | नारायणी नदी | बिष्णेघाट क्षेत्र, वडा नं.७ | ७८१८०.३४ | ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्शन एन्ड सप्लायर्स | २४८६१२४० | २६०३७८४९ |
| | नारायणी नदी | खलेचौर घाट, वडा नं.७ | ७११२७.३४ | नारायणगढ बुटवल सडक खण्ड आयोजनाका लागि स्वीकृत गरिएकोमा आयोजनाले नदीजन्य पदार्थ संकलन नगरेको | २२६१८४९४ | ० |
| | नारायणी नदी | वडा नं.१ र २ , मजुवा | ८०७४८.२० | ठेक्का आव्हान नगरेको। | | |
| | हर्दी खोला (चुरे क्षेत्र ) | वडा नं.३ | ७०६२१.१७ | ठेक्का आव्हान भएको तर ठेक्का नलागेको। | २२४५७५३२ | |
| | कालीगण्डकी नदी (चुरे क्षेत्र ) | वडा नं.३,केलादी | ८०७२५.९ | ठेक्का आव्हान नगरेको। | | |
| | महेश्वर खोला, कालिगण्डकी नदी(चुरे क्षेत्र ) | वडा नं.३, भोक्रेफाँट | ७७२४३.७ | ठेक्का आव्हान नगरेको। | | |

क) ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ६(४) मा चुरे क्षेत्रमा ढुङ्गा, गिटी, बालुवाको उत्खनन गर्ने सम्बन्धमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून ताथ मापदण्ड बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने व्यवस्था छ। राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्ड लेखापरीक्षणमा पेश नभएकाले उत्खननका लागि स्वीकृत परिमाण यकिन गर्न सकिएन।

ख) कार्यालयले मुख्यतः खोला एवं नदीहरूमा दीगो विकासलाई असर नपर्ने गरी वैज्ञानिक तवरले उत्खनन गर्न सकिने नदीजन्य पदार्थहरूको बिक्री वितरण गरी आन्तरिक राजश्व आर्जन गरी स्थानीय विकासमा सोको उपयोग गर्ने हिसाबले प्रारम्भिक वातावरणीय परीक्षणका लागि परामर्श खर्च गरी प्रतिवेदन तयार गरेको हुन्छ। यस बर्ष परामर्शदाता ग्रीन साहारा कन्सल्टिङ्ग एन्ड कन्स्ट्रक्शन प्रा.लि.मार्फत ७ वटा स्थानको आइई गरेकोमा नारायणी नदीको बिष्णेघाट र जैनटार क्षेत्रमा मात्र ठेक्का लागेको छ। नारायणगढ बुटवल सडक योजना (पूर्वी खण्ड) कार्यालयले मिति २०८१।३।२३ मा नारायणी नदीको किनारको जग्गामा उक्त योजनाको कामकाजमा प्रयोग हुने निर्माण सामाग्रीको उत्पादन र प्रशोधन प्रयोजनका लागि मात्र सो स्थानमाा क्रसर प्लान्ट स्थापनाको लागि उक्त योजनाको निर्माण व्यवसायी श्री चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनियरिङ कर्पोरेशन लिमिटेडको आधिकारिक आपूर्तिकर्ता श्री प्रणव कन्स्ट्रक्शन कम्पनी एन्ड सप्लायर्सले क्रशर प्लान्ट सन्चालनका

लागि करिब १,५०,०००। नदीजन्य पदार्थ उपलब्ध गराईदिन यस पालिकालाई अनुरोध गरेको व्यहोरा उल्लेख छ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार खलेचौर घाटमा उक्त आयोजनालाई ७११२७।३४ घनमिटर उपलब्ध गराउने निर्णय भएकोमा सो आयोजनाले उक्त दहतर बहतर नलिएको कार्यालयले जनाएको छ। त्यस्तै गरेर चुरे क्षेत्रका विभिन्न खोला, नदीका स्थानमा नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरणका लागि परामर्शदाता मार्फत प्रतिवेदन प्राप्त भई कार्यपालिका बैठकबाट स्वीकृत भएकोमा वडा नं.२ को मजुवा स्थित नारायणी नदी एवं वडा नं.३ को केलादी स्थित कालिगण्डकी नदीमा ठेक्का आव्हान नै गरेको पाईएन। त्यस्तै हर्दि खोला, वडा नं.३ मा ठेक्का आव्हान भएकोमा ठेक्का नलागेको जनाएकोमा सो सम्बन्धी फाईल जेनजी आन्दोलनमा आगलागी भएको जनाएकोले सो को परीक्षण गर्न सकिएन। यसरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबाट उत्खनन सिफारिश भएका निम्न बमोजिमका क्षेत्रहरूबाट बिक्री वितरण हुन नसक्दा परामर्शमा भएको खर्च खेर जानुका साथै पालिकालाई रु. १३,९९,४३,५३८। र नेपाल सरकारलाई सोमा लाग्नेमूल्य अभिवृद्धि कर एवं अग्रिम आयकर राजश्व गुमेको अवस्था छ। कार्यालयले प्रभावकारी तवरले राजश्व परिचालन योजना बनाएर राजश्व आर्जन अभिवृद्धि गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

| **खोला÷नदीको नाम** | **उत्खनन संकलन क्षेत्र** | **IEEप्रतिवेदन अनुसार उत्खनन् गर्न सकिने परिमाण ( घ.मि. )** | **न्युनतम बिक्री मूल्य (कर बाहेक )** |
|---|---|---|---|
| नारायणी नदी | खलेचौर घाट,वडा नं.७ | ७११२७.३४ | २२६१८४९४ |
| नारायणी नदी | वडा नं. १ र २ ,मजुवा | ८०७४८.२ | २५६७७९२७ |
| हर्दी खोला (चुरे क्षेत्र ) | वडा नं.३ | ७०६२१.१७ | २२४५७५३२ |
| कालीगण्डकी नदी (चुरे क्षेत्र ) | वडा नं.३,केलादी | ८०७२५.९ | २५६७०८३६ |
| महेश्वर खोला,कालिगण्डकी नदी(चुरे क्षेत्र ) | वडा नं.३,भोक्रेफाँट | ७७२४३.७ | २४५६३४९७ |
| नारायणी नदी किनारमा पालिका आफैले उत्खनन गरी विगतबर्षदेखि नै स्टकमा रहेको दहतर बहतर बिक्रीका लागि ठेक्का नम्बर २,०८१।८२ बाटठेक्का आव्हान गरेकोमा ठेक्का नलागेको। | | ४३८७७।९० | १८९५५२५२ |
| | | जम्मा | १३९९४३५३८ |

## ३२ नारायणी नदी आय ठेक्का-

कार्यालयले नारायणी नदीका निम्न अनुसारका क्षेत्रहरूको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरणका लागि ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्शन एन्ड सप्लायर्ससँग मु.अ.कर र अग्रिम आयकर समेत गरी ठेक्का नम्बर ३ (जैनटार क्षेत्र ) का लागि रु.३,०६,०२,२८७। र ठेक्का नम्बर ४ ( बिष्णेघाट क्षेत्र ) का लागि रु.२,९८,१३,३८८। गरी कुल जम्मा रु.६,०४,१५,६७५। मा सम्झौता गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेका छन्:

| ठेक्का नम्बर | खोला÷ नदीको नाम र उत्खनन संकलन क्षेत्र | फर्मको नाम | सम्झौता रकम (कर बाहेक ) | मु.अ.कर | अग्रिम आयकर | जम्मा |
|---|---|---|---|---|---|---|
| ३—०८१÷८२ | नारायणी नदी जैनटार, वडा नं.९ | ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्शन एन्ड सप्लायर्स | २६७२६८८९ | ३४७४४९५ | ४००९०३ | ३०६०२२८७ |
| ४—०८१÷८२ | नारायणी नदी बिष्णेघाट क्षेत्र, वडा नं.७ | ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्शन एन्ड सप्लायर्स | २६०३७८४९ | ३३८४९२६ | ३९०५६८ | २९८१३३८८ |
| जम्मा | | | ५२७६४७३८ | ६८५९४२१ | ७९१४७१ | ६०४१५६७५ |

३२.१

ब्रिटानिक मौलाकालिका कन्स्ट्रक्शन एन्ड सप्लायर्ससँग भएको सम्झौता अनुसार उक्त फर्मले दुवै ठेक्कामा गरेर मुल्य अभिवृद्धि कर र अग्रिम आयकर बाहेक कार्यालयलाई बुझाउनु पर्ने रु.५,२७,६४,७३८। एवं मुल्य अभिवृद्धि कर रु.६८,५९,४२१। र अग्रिम आयकर बापत रु.७,९१,४७१। समेत गरी रु.६,०४,१५,६७५। कार्यालयलाई बुझाउने र मुल्य अभिवृद्धि कर र अग्रिम आयकर बापतको रकम नेपाल सरकारको सम्बन्धित राजश्व शिर्षकमा कार्यालयले नै दाखिला गर्ने सम्झौताको शर्त रहेकोमा दुवै ठेक्कामा गरेर उक्त फर्मले जम्मा रु.५,५८,४२,०४५। बुझाएको पाईएकाले सम्झौता बमोजिम बुझाउन बाँकी रु.४५,७३,५८५। उक्त फर्मबाट असुल गरी मु.अ.कर र अग्रिम आयकर बापतको रकम नेपाल सरकारको सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,७३,५८५ |

३२.२ उक्त फर्मले मुल्य अभिवृद्धि कर र अग्रिम आयकरको रकम बाहेक कार्यालयलाई रु.५,२७,६४,७३८। बुझाउनु पर्नेमा मु.अ.कर र अग्रिम आयकर यकिन नगरी रु.५,५८,४२,०४५। बुझाएकोमा कार्यालयले नेपाल सरकारको सम्बन्धित राजश्व शिर्षकमा मु.अ.कर र अग्रिम आयकर दाखिला गर्नुपर्नेमा सो नगरी कार्यालयको खातामा रहेको रकम रु.३०,७७,३०७। सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,७७,३०७ |

३२.३ **ढिला दाखिला**

नेपाल सरकारबाट जारी गरिएको ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ४ को उपदफा ५ मा नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची २ख बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची २ग बमोजिमको ढाँचामा पट्टा फाराम दिनुपर्ने व्यवस्था छ । ठेक्का सम्झौताको फारामको बुँदा नम्बर १२ मा तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिका वा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा पालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्ने र हानी नोक्सानी क्षतिपूर्ति रकमको साथै बाँकी किस्ता रकमको तोकिएको प्रतिशतका दरले ब्याज समेत ठेकेदारबाट पालिकाले असुल गर्ने व्यवस्था छ । कार्यालयले उक्त फर्मसँग गरेको ठेक्का सम्झौतामा ठेक्का कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक बराबरको रकम ठेक्का अवधिभित्र बुझाई सक्नुपर्ने र यदि ठेक्का अवधिभित्र पुरै रकम नबुझाएमा २०८२।२।१५ सम्ममा बैंक जमानतबाट रकम तानिनेछ भन्ने शर्त उल्लेख गरेको छ । सम्झौतामा समयमा रकम नबुझाएमा लाग्ने ब्याज वा जरिवानाको बारेमा उल्लेख नभएको हुँदा ठेकेदारले समयमा रकम नबुझाई लाभ लिन सक्ने देखियो । ठेक्का नम्बर ३ को सम्झौता अवधि ०८२।१।१५ देखि अधिकतम २०८२।२।३१ सम्म रहने र सो मिति पहिल्यै सम्झौतामा उल्लिखित परिमाण पुगेमा सोही मिति अन्तिम हुने उल्लेख गरिएकोमा २०८२।२।३० मा उत्खनन परिमाण ८०४३० घनमिटर पुगेकाले अनुगमन समितिको प्रतिवेदन बमोजिम उत्खनन बन्द गर्न लगाएको छ । त्यस्तै ठेक्का नम्बर ४ मा समेत २०८२।२।३० मा सम्झौतामा उल्लिखित उत्खनन परिमाण पुगेकाले अनुगमन समितिको प्रतिवेदन बमोजिम उत्खनन कार्य बन्द गर्न लगाएको छ । दुवै ठेक्कामा तोकिएको उत्खनन परिमाण नाघेकाले सम्झौतामा उल्लेख भए बमोजिम सम्झौताको म्याद २०८२।२।३० मा समाप्त भएकोमा निम्न बमोजिम सम्झौता अवधिपश्चात २४ दिन देखि १५६ दिनसम्म ढीला गरी रु.२,५६,०८,०००। प्राप्त भएको छ । मापदण्डमा उल्लेख भए बमोजिमको ढाँचामा आय ठेक्काको सम्झौता गरी सम्झौता बमोजिम बुझाउनु पर्ने रकम समयमा नबुझाएमा लाग्ने ब्याजका सम्बन्धमा स्पष्ट रुपले उल्लेख गरी ठेकेदारलाई तोकिएको समयभित्रै रकम बुझाउन बाध्यकारी हुने व्यवस्था राख्ने र समयमा रकम प्राप्त गर्ने तर्फ कार्यालयको गम्भिर ध्यानाकर्षण हुनु जरुरी देखियो ।

| रकम प्राप्त मिति | प्राप्त रकम | ढिला दाखिला अवधि दिन |
|---|---|---|
| २०८२।३।२३ | ७९००००० | २४ |
| २०८२।३।२३ | ४१००००० | २४ |
| २०८२।४।५ | १२००००० | ३८ |
| २०८२।३।२४ | ११००००० | २५ |
| २०८२।३।२४ | ४६७४००० | २५ |
| २०८२।३।२४ | २८५०००० | २५ |
| २०८२।८।१ | १८००००० | १५६ |
| २०८२।८।१ | १९८४००० | १५६ |
| जम्मा | २५६०८००० | |

३२.४ **बैंक जमानतको म्यादः** उक्त फर्मले कार्यालयलाई बुझाउनु पर्ने सम्पुर्ण रकम भुक्तानी नगरेकाले कार्यालयले पटक पटक उक्त फर्मलाई पत्राचार पश्चात पनि रकम प्राप्त नभएकोले ग्लोबल आइएमई बैंकलाई सो बैंकको बैंक जमानत बापतको रकम भुक्तानीका लागि मिति २०८२।३।८। ०८२।३।१८, ०८२।४।११ र ०८२।८।२ मा पत्राचार गरेकोमा बैंकले शर्त रहित बैंक जमानतको रकम कार्यालयलाई भुक्तानी गरेको पाईएन। उक्त ठेक्का सम्झौताहरूमा पेश भएको बैंक जमानतको म्याद २०८२ असोज ३१ मा समाप्त भएकोमा सोको म्याद थप भएको पाईएन। सम्झौता बमोजिम रकम प्राप्त नभएमा कार्यालयले अनुरोध गरेपछि तत्काल कार्यालयलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत बापतको रकम कार्यालयले पटक पटक ताकेता गर्दा समेत प्राप्त नभएको हुँदा सम्बन्धित बैंकलाई जवाफदेही बनाउनका लागि नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको समेत ध्यान आकृष्ट गर्नुपर्ने देखियो।

३३ **पर्यटन पूर्वाधार विकास आयोजना-**

(ब.उ.शि.नं.३२५०११०६) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (पर्यटन विभाग ) बाट मौलाकालिका मन्दिरमा धर्मशाला निर्माण र स्लेट ढुंगा छापी पदमार्ग निर्माण गर्ने कार्यका लागि रु.३,००,००,०००। बजेट विनियोजन भएकोमा निम्न अनुसार रु.१,६९,५०,५२५। खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

| ठेक्का नम्बर | योजनाको नाम | निर्माण व्यवसायी | स्वीकृत बजेट | लागत अनुमान | सम्झौता रकम | लागत अनुमानको तुलनामा घटी प्रतिशत | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | पेश्की बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| १०/०८१/८२ | देउराली देवीको मन्दिरबाट मन्दिर पुल गेटसम्म स्लेट(Slate ) ढुंगा छापी पदमार्ग निर्माण् | पिके स्टोन कन्स्ट्रक्शन एन्ड सप्लायर्स प्रा.लि. | १००००००० | ११८४९६७१ | ८९७३३८० | २५ | ८०५९३२० | ८९.८१ | ० |
| ११/०८१/८२ | मौलाकालिका मन्दिरमा धर्मशाला (Concrete Structure ) निर्माण | प्रभु कौशिका निर्माण सेवा प्रा.लि. | १००००००० | १२०९००८६ | ९०२८७८३ | २५.६ | ५८३२१९९ | ६४.५९ | ८००००० |
| १२/०८१/८३ | मौलाकालिका मन्दिरमा धर्मशाला (Steel Structure ) निर्माण | दयाश्री कन्स्ट्रक्शन | १००००००० | ७३८३०२७ | ७२९४००३ | १.२३ | ३०५९००६ | ४१.९४ | ६३२००० |
| जम्मा | | | ३००००००० | ३१३२२७८४ | २५२९६१६६ | | १६९५०५२५ | | १४३२००० |

३३.१ **प्याकेजिङ्ग** – सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३क (३) मा एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्न सकिने खरिदलाई प्याकेज बनाई बोलपत्र आव्हान गर्न सकिने व्यवस्था छ । कार्यालयले मौलाकालिका मन्दिर परिसरमा धर्मशाला निर्माण (कंक्रिट स्ट्रक्चर र स्टील स्ट्रक्चर ) एक आपसमा अन्तरसम्बन्धित कार्यलाई एकै ठाउँमा प्याकेज बनाई खरिद गर्न सकिनेमा अलग अलग रुपमा बोलपत्र आव्हान गरी खरिद गरेको छ । कार्यालयले मन्त्रालयबाट नै अलग अलग क्रियाकलापका रुपमा बजेट विनियोजन भई अख्तियारी प्राप्त भएकोले सोही अनुसार बजेट विनियोजन भएको जनाएको छ । नियमावलीमा भएको व्यवस्था अनुरुप सार्वजनिक निकायले खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गरी प्रतिस्पर्धालाई संकुचित र सीमित नहुने गरी बोलपत्र आव्हान गर्नुपर्दछ ।

३३.२ **खरिद सम्झौताको अन्त्य** – सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम सुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने उल्लेख छ। उपदफा ७ बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ। कार्यालयले ठेक्का नम्बर ११ र १२ का उल्लिखित निर्माण व्यवसायीहरूसँग २०८२ असार १५ सम्म कार्य सम्पन्न गर्नुपर्ने गरी सम्झौता गरेकोमा वित्तीय प्रगति ४१.९४ र ६४.५९ प्रतिशत रहेको अवस्थामा सुविस्ताका आधारमा ठेक्का अन्त्य गरेको छ। सम्झौता बमोजिमको कार्य हुन नसक्दा योजना अलपत्र पर्न गई अधुरो रहन पुगेको छ। कार्यालयले उक्त निर्माण कार्यका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (पर्यटन विभाग ) बाट मिति २०८१।९।१६ को पत्रबाट ढीला गरी अख्तियारी प्राप्त भएको र खरिद व्यवस्थापनका लागि समय लागेको, अर्को बर्ष बजेट तथा श्रोत सुनिश्चितता नभएकाले सुविस्ताका आधारमा ठेक्का अन्त्य गर्नुपरेको जनाएको छ।

३३.३ **पेश्की बाँकी** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२७(१) मा सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुविस्ताका आधारमा सम्झौताको अन्त्य गरेकोमा सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिँदा निजले कुनै पेश्की रकम लिएको रहेछ

भने त्यस्तो पेश्की कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले निम्न बमोजिम निर्माण व्यवसायीहरू सँग गरेको खरिद सम्झौता अन्त्य गरेकोमा निजहरूलाई दिएको पेश्की कट्टी नगरेको हुँदा नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु.

| ठेक्का नम्बर | योजनाको नाम | निर्माण व्यवसायी | पेश्की बाँकी |
|---|---|---|---|
| ११/०८१/८२ | मौलाकालिका मन्दिरमा धर्मशाला (Concrete Structure ) निर्माण | प्रभु कौशिका निर्माण सेवा प्रा.लि. | ८००००० |
| १२/०८१/८३ | मौलाकालिका मन्दिरमा धर्मशाला (Steel Structure ) निर्माण | दयाश्री कन्स्ट्रक्शन | ६३२००० |
| जम्मा | | | १४३२००० |

| | |
|---|---|
| पेश्की | १४,३२,००० |

३४ **एकीकृत पूर्वाधार स्वास्थ्य नगर अस्पताल-**

पन्ध्र शैयाको अस्पताल निर्माणका लागि निर्माण व्यवसायी श्री ड्रयागन कन्स्ट्रक्शन प्रा.लि.सँग २०७८।२।१४ मा २०८०।२।१४ मा कार्यसम्पन्न गर्नुपर्ने गरी रु.१२,१५,७८,९२९। (मु.अ.कर र पिएस समेत ) मा सम्झौता भएकोमा दशौं रनिङ बिलसम्म रु.५,५०,६९,७६२। खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन्:

**क) न्यून प्रगतिः** निर्माण व्यवसायीले सम्झौतामा तोकिएको शर्त बमोजिम कार्यतालिका अनुसार कार्य सम्पन्न गर्नुपर्दछ। उक्त निर्माण व्यवसायीसँग भएको सम्झौतामा सम्झौता मितिले २ बर्षभित्र कार्य सम्पन्न उल्लेख भएकोमा पटक पटक म्याद थप हुँदै आएकोमा पछिल्लो पटक २०८२।७।२५ को नगर कार्यपालिकाको बैठकले २०८३ असार २० सम्म म्याद थप गरेको छ। निर्माण व्यवसायीले पेश गरेको दशौ रनिङ बिलसम्म २०८२ असार मसान्तसम्म निर्माण कार्यको वित्तीय प्रगति ४५.२९ प्रतिशत मात्र रहेको छ।

**ख) पेश्की बाँकीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। उक्त निर्माण व्यवसायीसँग भएको सम्झौताको जि.सि.सी.५७.३ मा स्वीकृत सम्झौता अवधिको ८० प्रतिशत समयावधिभित्र पेश्की फर्स्यौट गरिसक्नु पर्ने उल्लेख छ। उक्त निर्माण व्यवसायीसँग २०७८ जेठ १४ मा सम्झौता भएकोमा पछिल्लो म्याद थप २०८३।३।२० सम्म भएकोले सो को ८० प्रतिशत समयावधि २०८२ असार १५ भित्र पेश्की फर्स्यौट गरिसक्नुपर्नेमा २०८२ असार मसान्तसम्म रु.६०,००,०००। पेश्की बाँकी रहेकाले सो रकम नियमानुसार फर्स्यौट हुनुपर्दछ।

***नोटः आ.व. २०८०।८१ को लेखापरीक्षण प्रतिवेदनमा उक्त पेस्की रकमलाई लगती बेरुजु उल्लेख गरिएको हुँदा यसवर्ष सैद्धान्तिक बेरुजु कायम गरिएको छ।***

३५ **परामर्श खर्च-**

कार्यालयले यस बर्ष निम्न बमोजिम कार्यका लागि देहाय अनुसारका परामर्शदाताहरूबाट परामर्श सेवा खरिद गरी रु.५८,४१,०३४।- बजेट खर्च लेखेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

| क.सं. | परामर्शदाताको नाम | कामको विवरण | बजेट खर्च |
|---|---|---|---|
| १ | नमस्ते कपिलबस्तु सोलुशन प्रा.लि. | वडा नं.१३,१४,१६,१७ र १८ वडा कार्यालय भवनको डि.पि.आर.निर्माण कार्य | १९८६१२१ |
| २ | दुरदर्शी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | जयश्री खोला, वेल्डिया खोला र झराही खोलाको तटबन्धन कार्य | १६३१४६७ |
| ३ | दियालो इन्जिनियरिङ प्रा.लि. | दमार सिंचाई तथा खानेपानी आपूर्ति आयोजना, गैडाकोट १८ का लागि सम्भाव्यता अध्ययन तथा डिपिआर निर्माण कार्य | ७३००१० |
| ४ | ग्रीन सहारा कन्सल्टिङ एन्ड कन्सट्रक्शन प्रा.लि. | नारायणी र अन्य नदीको गरी ७ स्थानको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी | १००००५० |
| ५ | त्रिपुर इन्जिनियरिङ प्रा.लि. | मौलाकालिका मन्दिर परिसरमा अत्याधुनिक धर्मशाला निर्माणका लागि डिपिआर तयारी | ४९३३८६ |
| जम्मा | | | ५८४१०३४ |

**क) प्राविधिक मूल्यांकनः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७६(१) मा प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा मूल्यांकन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रुपमा नियम ७१ को उपनियम (६) मा उल्लिखित आधार बमोजिम मूल्यांकन गरी प्रस्तावदाताले प्राप्त गरेको अंक यकिन गर्नुपर्ने उल्लेख छ। कार्यालयले संक्षिप्त सूची तयार गरी आशयपत्रदाताहरूबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी निजहरूको प्राविधिक मूल्यांकन गर्दा मूल्यांकन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रुपमा मूल्यांकन नगरी सबै सदस्यले एकै पानामा मूल्यांकन गरेको पाईयो। नियममा भएको व्यवस्था बमोजिम प्राविधिक मूल्यांकन गर्ने व्यवस्थाको पालना हुनुपर्दछ।

**ख) प्रतिवेदनको कार्यान्वयन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। परामर्शदाताबाट प्राप्त डिपिआर तथा आइई प्रतिवेदनबाट प्राप्त आयोजनाहरूको लागत अनुमान निम्न बमोजिम रहेकोमा हालसम्म प्रतिवेदनको कार्यान्वयन स्थिति देहाय अनुसार रहेको छ। प्राप्त प्रतिवेदनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कारवाही अगाडि बढाउनुपर्दछ।

| क.सं. | परामर्शदाताको नाम | कामको विवरण | आयोजनाकोलागत अनुमान | प्रतिवेदनको कार्यान्वयन स्थिति |
|---|---|---|---|---|
| १ | नमस्ते कपिलबस्तु सोलुशन प्रा.लि. | वडा नं.१३,१४,१६,१७ र १८ वडा कार्यालय भवनको डि.पि.आर.निर्माण कार्य | | वडा नं. १६ को भवन निर्माण भईरहेको |
| | | वडा नं.१३ कार्यालय भवनको डि.पि.आर.निर्माण कार्य | २११६८०१९। | |
| | | वडा नं.१४ कार्यालय भवनको डि.पि.आर.निर्माण कार्य | २०२३००१०। | बजेट विनियोजन भएको |
| | | वडा नं.१६ कार्यालय भवनको डि.पि.आर.निर्माण कार्य | २२२१७६२९ | निर्माण कार्य भईरहेको |
| | | वडा नं.१७ कार्यालय भवनको डि.पि.आर.निर्माण कार्य | २७७२५१९४ | बजेट विनियोजन भएको |
| | | वडा नं.१८ कार्यालय भवनको डि.पि.आर.निर्माण कार्य | ३१३६६८५६ | बजेट विनियोजन भएको |
| २ | दुरदर्शी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | जयश्री खोला, वेल्डिया खोला र झराही खोलाको तटबन्धन कार्य | | |
| | | जयश्री खोला | ७०६१७३४८६ | स्वीकृत बजेट अनुसार आंशिक कार्यको ठेक्का लगाएको। |
| | | वेल्डिया खोला | ७६६४४६२९३ | डिपिआर अनुसारको कार्य नभएको। |
| | | झराही खोला | १००४६५६७३ | डिपिआर अनुसारको कार्य नभएको। |
| ३ | दियालो इन्जिनियरिङ प्रा.लि. | दमार सिंचाई तथा खानेपानी आपूर्ति आयोजना, गैडाकोट १८ का लागि सम्भाव्यता अध्ययन तथा डिपिआर निर्माण कार्य | ३०८८०१५७। | डिपिआर अनुसारको कार्य नभएको। |
| ४ | ग्रीन सहारा कन्सल्टिङ एन्ड कन्सट्रक्शन प्रा.लि. | नारायणी र अन्य नदीको गरी ७ स्थानको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी | | बिष्णे घाट र जैनटार खण्डमा गरी २ स्थानमा नदीजन्य पदार्थको ठेक्का लागेको, खलेचौर घाट नारायणगढ बुटवल सडक खण्ड आयोजनाका लागि स्वीकृत गरिएकोमा आयोजनाले नदीजन्य पदार्थ संकलन नगरेको, हर्दी खोला क्षेत्रका ४ स्थानमा ठेक्का नलागेको। |
| ५ | त्रिपुर इन्जिनियरिङ प्रा.लि. | मौलाकालिका मन्दिर परिसरमा अत्याधुनिक धर्मशाला निर्माणका लागि डिपिआर तयारी | | आंशिक रुपमा कार्यान्वयन भएको। |

३६ **जयश्री खोला तटबन्धन कार्य -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१,२२६,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३७ **मूल्य अभिवृद्धि कर कट्टी-**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ६८५४७।कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। मु.अ.कर समायोजन पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| १०२।०८१।९।२२ | नमस्ते कपिलबस्तु सोलुशन प्रा.लि. | १९८६१२१। | २२८४९१। | ६८५४७। |
| | | | प्रमाण पेश नगरेको | ६८,५४७ |

३८ **सोझै खरिद-**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने¸ नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ। पालिकाले एकै प्रकृतिका सामग्रीहरूको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा त्यस्तो नगरेकाले प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो भौ मिति | विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ४०० २०८२।२।२० | फर्निचर | नारायणी होम डेकोरेटर | ४८५९०० |
| ३२९ २०८२।१।२४ | फर्निचर | न्यू हिमाल फर्निसिङ्ग एण्ड ग्लास सेन्टर | ९८९८८ |
| ३२८ २०८२।१।२४ | फर्निचर | वि एस इन्टरप्राइजेज | ५९८६९९ |
| १६२ २०८१।१०।२९ | फर्निचर | शिवम फर्निचर उद्योग | ६१७२०६ |
| ३३८ २०८२।१।२८ | फर्निचर | भु पु फर्निचर उद्योग | ६१६६३ |
| ७७ २०८१।८।२७ | फर्निचर | शिवम फर्निचर उद्योग | ४३६७४५ |
| २४८ २०८१।१२।१४ | फर्निचर | नारायणी होम डेकोरेटर | ५७५७३२ |
| ४०१ २०८२।२।२० | कम्प्युटर प्रिन्टर | ग्याजेट पोइन्ट | २५२९९७ |
| ३०७ २०८२।१।१२ | कम्प्युटर प्रिन्टर | वि एस इन्टरप्राइजेज | ४२७०५४ |
| ७० २०८१।८।२५ | कम्प्युटर जन्य | वि एस इन्टरप्राइजेज | ४५९६०८ |
| ७७ २०८१।८।२७ | कम्प्युटर जन्य | वि एस इन्टरप्राइजेज | ३८८५५० |
| | स्वास्थ्य उपकरण | मौलाकालीका ट्रेडर्स | ७९१००० |
| १२४ २०८१।१०।७ | स्वास्थ्य उपकरण | टिनेक्स मेडिकेयर | ४७१२१० |
| ५ २०८१।६।१० | बायोकेमेस्ट्रि एनलाइजर | रिमाल डाइगोनोस्टिक सप्लायर्स | ९८०८४० |
| | | जम्मा | ६६४६१९२ |

३९ **पुँजिगत शिर्षकबाट चालु प्रकृतिको खर्च-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ। पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने, कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसार पालिका र वडा कार्यालय मार्फत पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने र बितरणमुखी प्रकृतिका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा

पूँजीगत शीर्षकबाट खर्च गरी भुक्तानी दिएको पाईयो। उदाहरणको लागि नगरपालिका पुँजीगत खर्च शीर्षक अन्तर्गतका केही करोवारलाई परीक्षण गरी हेर्दा निम्नानुसार देखियो। तोकिए बमोजिमको खर्च शीर्षकअनुसार खर्च गर्नुपर्दछ।

| गो भौ मिति | खर्चभएको | भुक्तानीपाउने | भुक्तानीरकम |
|---|---|---|---|
| ४१ २०८१।८।७ | बाढी पिडित छात्रछात्रालाई पोषाक र स्टेशनरी वितरण | महेन्द्र स्मारक आ वि | १८००८४ |
| ४३ २०८१।८।७ | बाढी प्रभावित ठाउमा स्वास्थ्य सिविर | | ८६८३७ |
| ९५ २०८१।९।१८ | शैक्षिक सामाग्रि तथा झोला वितरण | बाल उदय आ वि | ५०००० |
| १२८ २०८१।१०।८ | विद्युत मिटर वितरण | बिष्णु बहादुर सिंजाली | २९५९० |
| १३८ २०८१।१०।१३ | खाद्यान्न सामाग्रि वितरण | वडा नं २ | १००१८० |
| १६४ २०८१।१०।२९ | खेलकुद कार्यक्रम | केलादी टोल विकास संस्था | ३०००० |
| ५८३ २०८२।३।१९ | कर्मचारी तलब | ढोडेनी खापा उ स | २४६०० |
| ५८४ २०८२।३।२० | मसानघाटको बत्तिको विल रकम | लक्ष्मी नारायण टोल विकास संस्था | ९७९५६ |
| ५८५ २०८२।३।२० | बिद्युत महशुल | नेपाल विद्युत प्रधिकरण कावासोति | २३०००० |
| ५८६ २०८२।३।२० | बिद्युत महशुल | मुकुन्दसेन कृषक समूह ११ | ४००००० |
| ५४२ २०८२।३।१६ | विपद राहात | ठाकुर प्रसाद सापकोटा | २०००० |
| ५३६ २०८२।३।१४ | आर्थिक सहायता | मन कुमारी तिवारी | २०००० |
| ४८५ २०८२।३।६ | बोरिङ्ग मर्मत | हरिहर कृषक समूह | ५०००० |
| ४७२ २०८२।३।४ | पारिश्रमिक | मनबहादुर सोमै | १७०४०० |
| ४५१ २०८२।२।३० | इन्धन | अमरापुरी स्वास्थ्य चौकी | १००००० |
| ३९९ २०८२।२।२० | खेलकुद कार्यक्रम | टाउन मगर युवा क्लब | ५०००० |
| ३८३ २०८२।२।१६ | पुजा खर्च | नवदुर्गा मन्दिर अमरापुरी | ५०००० |
| ३६१ २०८२।२।८ | खेलकुद कार्यक्रम | गैडाकोट नगरपालिका वडा नं ३ खेलकुद विकास समिति | ४२८६० |
| ३५० २०८२।२।४ | खाद्यान्न सामाग्रि | बाल ज्योति मावि | १००००० |
| ३४० २०८२।१।२८ | खाजा खाना खर्च | पशुपती साङगबेद आवासिय संस्कृत आ वि | १००००० |
| | खेलकुद कार्यक्रम | सुनगाभा युवा क्लब | ५०००० |

| | | | |
|---|---|---|---|
| | महाधिवेशन सञ्चालनन | नेपाल प्रजातान्त्रिक सेनानी संघ केन्द्रिय समिति | ६६७५० |
| ३१७ २०८२।१।१५ | कार्यालय सञ्चालन खर्च | थुम्सी बजार टोल विकास संस्था | ५०००० |
| २८८ २०८२।१।३ | गैडाकोट आधारभुत अस्पतालको सेवा सुभारम्भ कार्यक्रम टेन्ट तथा अन्यविविध खर्च | मामा भान्जा टेन्ट हाउस | ४७००० |
| | | शरण किरण रानाभाट | २२००० |
| २८७ २०८२।१।३ | विद्युत महशुल | दुर्गा मन्दिर टोल विकास संस्था | १५०००० |
| २५७ २०८१।१२।२० | सिरक डसना | न्यू अभिषेक बस्त्रालय | ४३८३० |
| २५५ २०८१।१२।१९ | खेलकुद कार्यक्रम | गैडाकोट नगरपालिका वडा नं ३ खेलकुद | ९८९९० |
| २३४ २०८१।१२।८ | डाइनामिक साझ एवम बृहत सास्कृतिक कार्यक्रम | लायन्स क्लब अफ वागेश्वरी डायनामिक | ३००००० |
| २१० २०८१।११।२२ | सरसफाई कर्ताको पारिश्रमिक | मुक्ति समसानघाट व्यवस्थापन समिति | १००००० |
| २०२ २०८१।११।१८ | स्वर्ण महोत्सव कार्यक्रम | | ७००००० |
| | | जम्मा | ३५६१०७७ |

४० **शिर्षक फरक-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शीर्षकमा गर्नुपर्ने उल्लेख छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले २०००२०० रकम शीर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शीर्षक फरक परेको अनियमित देखिएको रु

| गो भौ मिति | शीर्षक | खर्चभएको | भुक्तानीरकम |
|---|---|---|---|
| ४७४ २०८२।३।५ | वडाका विभिन्न ठाउमा सिसि क्यामेरा जडान | खेलकुद सामाग्रि वितरण | ६१००० |
| ३९६ २०८२।२।२० | अमरापुरी स्वास्थ्य चौकी स्तरोउन्नती वडा नं १६ | विपन्न परिवारलाई स्वास्थ्य विमा वापतको रकम भुक्तानी | १८९२०० |
| ३७९ २०८२।२।१६ | स्मार्ट डिजिटल उज्यालो वडा | प्लम्बिङ्ग तथा विल्डिङ्ग इलेक्ट्रिसियन तालिम सञ्चालन | २५०००० |
| ४८८ २०८२।३।६ | वडा नं १ को स्वास्थ्य चौकी जाने बाटो वडा १ | वडा कार्यालय निर्माण | १५००००० |
| | | जम्मा | २०००२०० |

| | |
|---|---|
| अनियमित भएको | २०,००,२०० |

४१ **प्रमाण पेश-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ। कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

| भौचर नं। मिति | खर्चको विवरण | पेश गर्नुपर्ने विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४१५ २०८२। २।२२ | वडा नं ७ का लागि ६७ र वाडा नं ६ का लागि ५६ सिमेन्ट बेन्च खरिद गरि अभिषेक कंक्रिट एण्ड व्लक उद्योग लाई भुक्तानी गरेकोमा सो खरिद गरिएको सामाग्रिको जिन्सी दाखिला नगरेको | प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने | ८०५६०० |
| १६९ २०८१। १०।३० | जनजागरण टोल अधुरो पिच थिर बहादुरको घर देखि सामुदायिक वन अफिस सम्म कार्यमा ल्याव रिपोर्ट र सूचना पार्टि को विल पेश नभइ जनजागरण टोल विकास संस्था लाई भुक्तानी भएको | | १०००० |
| | | जम्मा | ८१५६०० |
| | | प्रमाण पेश नगरेको | ८,१५,६०० |

## ४२ लागत अनुमान तयार नगरेको-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ सो दफाको (१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने तथा निर्माण कार्यको हकमा बाहेक अन्य खरिदमा एक लाख रुपैयाँसम्मको खरिद गर्न लागत अनुमान गर्नु नपर्ने वयवस्था गरेको छ। यस पालिकाले निम्नानुसारको निर्माण कार्य र १ लाख भन्दा बढीको मालसामान खरिद कार्यमा लागत अनुमान तयार नगरि खरिद कार्य गरेको देखिन्छ। यसरी नियम विपरित गरिएको कार्य अनियमित भएको रु

| गो भौ मिति | विवरण | भुक्तानि प्राप्त गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| ५१४ २०८२।३।११ | वडा नं ६ एक टोल एक हरियालि मार्ग अन्तर्गत विरुवा रोप्ने र संरक्षण तारजालि लगाउने कार्य | इन्दिरा गुरुङ्ग | २००००० |
| | | कालिका ग्रिल तथा सटर उद्योग | |
| | | ॐ पुष्यकामना नर्सरी | |
| ५१२ २०८२।३।११ | वडा नं ६ मा त्रिशुल अयोध्या हरियालि मार्ग स्तरउन्नतीको कार्य | त्रिशुल अयोध्या हरियालि मार्ग | २२०८७९ |
| ५०३ २०८२।३।१० | वडा नं ७ नारायणी टोलमा नाली निर्माण | हरिहर टोल विकास संस्था | १००००० |
| ३८६ २०८२।२।१६ | वडा नं ११ नारायणी तटबन्धन गर्ने कार्य | नारायणी निर्माण सेवा | ८००००० |
| २० २०८१।६।२० | विभिन्न ठाउको बाटो स्तरउन्नती | ए के कन्स्ट्रक्सन | २९२६२० |
| | | न्यू रिमाल ढुवानी सेवा | २८२४३ |
| | | राधाकृष्ण ह्यूम पाइप इन्डस्ट्रिज प्रा लि | १०७४७४ |
| ३४ २०८१।७।२६ | वडा नं ७ र ९ मा पर्ने सिमानामा ह्युम पाइप राख्ने कार्य | राधाकृष्ण ह्यूम पाइप इन्डस्ट्रिज प्रा लि | १०८९२० |
| ४० २०८१।८।५ | पहिरो पन्छाउने र नाला खन्ने काम | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १३७८२५ |
| ४८ २०८१।८।१० | ह्युम पाइप खरिद | राधा कृष्ण ह्युम पाइप इन्डस्ट्रिज प्रा लि | २३०४४५ |
| | | जम्मा | २२२६४०६ |
| | | अनियमित भएको | २२,२६,४०६ |

४३ **हेभी ईक्युपमेण्टको प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्।

| गो भौ नं | उपभोक्ता समितिको विवरण | भुक्तानी पाउनेको विवरण | कुल काम (नापि) | हेभि ईक्युपमेण्टमा खर्च |
|---|---|---|---|---|
| १०९ २०८१।९।२८ | योङग स्टार युवा क्लब आहाले उ स(खेलकुद मैदान) | रिक्सन क्स्ट्रक्सन | २०८०५१ | १६५८७६ |
| ५७८ २०८२।३।१९ | भरत टोल विकास संस्था(नाला निर्माण) | राधाकृष्ण ह्ययूम पाइप इन्डस्ट्रिज प्रा लि | २४९१०० | ८१०५४ |
| ३५५ २०८२।२।६ | माछापुच्छ्रे धवलागिरी सडक उ स | विषेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स(जेसिवि) | ८७७९६८ | ५०००० |
| | | वि कन्स्ट्रक्सन(रोलर) | | ३८९८५ |
| | | प्रजिना सप्लायर्स(जेनेरेटर) | | २९५०४ |
| ३४१ २०८२।१।३० | माछापुच्छ्रे धवलागिरी सडक उ स | गोसिवि निर्माण सेवा(मिक्सर) | १२३६५८९ | ५२२३७ |
| | | वि कन्स्ट्रक्सन(रोलर) | | ११३०० |
| १८० २०८१।११।८ | देउराली टोल विकास संस्था टाडी मटकुरी | विमल ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स(जे सि वि) | ४२६७५६ | २७४५६९ |
| | | जम्मा | २९९८४६४ | ७०३५२५ |

४४ **सामग्रीको बिल विजक-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ। पालिकाद्धारा उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार जिल्ला दररेट अनुसार निर्माण सामग्रीहरूको दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा निर्माण सामग्री खरिदको बिल पेस गरि भुक्तानी प्राप्त गरेको देखिन्छ।यस्तो कार्यमा सुधार गर्नुपर्ने देखिन्छ।

| भौ नं र मिति | उपभोक्ता समिति | सामग्री | परिमाण | भुक्तानी दर भ्याट सहित | खरिद दर भ्याट सहित | फरक | फरक रकम |
|---|---|---|---|---|---|---|---|
| १०५ २०८१।९।२४ | लालीगुराँस कृषि महिला समुह | पिपिसि | ६६ | ६३२ | ४६० | १७२ | ११३५२ |
| १११ २०८१।९।२९ | विजयज्योती आ वि | इट्टा | ३२५० | १६ | १४ | २ | ७९३० |
| 580 2082.3.19 | धौलागिरी टोल विकास संस्था | इट्टा | १७५०० | १८ | ९ | ९ | १६०६५० |
| ५९१ २०८२।३।२१ | कैलाश आश्रम दर्शन मार्ग | बालुवा | २६ | २५९९ | २१४७ | ४५२ | ११७५२ |
| | | गिट्टि | ६० | २२६० | १८०८ | ४५२ | २७१२० |
| ५४४ २०८२।३।१७ | मन्टेश्वरी मार्ग निर्माण उ स | ढुङ्गा | ७५ | २३१६ | १३५६ | ९६० | ७२००० |
| | | बालुवा | २४ | २५९९ | २१४७ | ४५२ | १०८४८ |
| | | ग्राभेल | ९० | १५२५ | १०१७ | ५०८ | ४५७२० |
| ५३५ २०८२।३।१४ | ज्याम्पानी हड्बडा खोला निर्माण उ स | इट्टा | ३६४० | १८ | १४ | ५ | १६४५३ |
| ४४१ २०८२।२।२९ | नेपाल आदिवासी जनजाती महासंघ | इट्टा | १२००० | १८ | १४ | ५ | ५४२४० |
| | | इट्टा | १८००० | १८ | ११ | ७ | १२२०४० |
| ३१२ २०८२।१।१२ | जलदेवी टोल विकास संस्था | बालुवा | ६० | २५९९ | २१४५ | ४५४ | २७२४० |
| | | गिट्टि | ७३ | २२६० | १८०८ | ४५२ | ३२९९६ |
| | | | | | जम्मा | | ६००३४१ |

४५ **उपभोक्ता समितिद्धारा खरिद-**

सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन। कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसंगत नभएको रु

| **गो भौ मिति** | **विवरण** | **उपभोक्ता समिति** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ९८ २०८१।९।१८ | बेन्च खरिद | एस पि एम टोल विकास संस्था | ५०००० |
| १४६ २०८१।१०।१४ | भाडाकुडा र बाध्यवाधन सामाग्रि खरिद | मनकामना आमा समूह | ५०००० |
| १५४ २०८१।१०।२३ | भाडाकुडा र बाध्यवाधन सामाग्रि खरिद | श्री हरिकृतन महिला विकास समूह | ५०००० |
| ४७४ २०८२।३।५ | खेलकुद सामाग्रि खरिद | मुकुन्दसेन खेलकुद मैदान निर्माण उ स | ६१००० |
| ३७८ २०८२।२।१५ | फर्निचर खरिद | बाधखोला टोल विकास संस्था | ५०००० |
| ३२२ २०८२।१।२२ | कृषि सामाग्रि | दुर संञ्चार टोल सुधार विस्तार समिति | १४७६०० |
| | | जम्मा | ४०८६०० |

| अनियमित भएको | ४,०८,६०० |
|---|---|

४६ **बढी भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ।निम्नानुसारको निर्माण कार्यमा हुनुपर्ने भन्दा बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने।

| गोभौ र मिति | विवरण | भुकतानीप्राप्त गर्ने | हुनुपर्नेभुक्तानी | भएकोभुक्तानी | बढीभएको भुक्तानी |
|---|---|---|---|---|---|
| ३०८ २०८२।१।१२ | स्वर्गद्धारी मार्ग स्तरउन्नती कार्य | बैकुण्ठ नगर टोल विकाससंस्था | १६९८१८ | १९५५९५ | २५७७७ |
| १९४ २०८१।११।१८ | लक्ष्मी माविमा सिसि क्यामेरा जडान | लक्ष्मी मावि नया | १९४१५८ | १९९६५३ | ५४९५ |
| ४२५ २०८२।२।२७ | वडा कार्यालय परिसर स्तरोन्नती वडा नं ४ | शंकरदेव बिल्डर्स एण्ड सप्लायर्स प्रा लि | ३९३३९५ | ३९८१८५ | ४७९० |
| ८६ २०८१।९।१६ | सगरमाथा आमा समूह भवन निर्माण | सगरमाथा आमा समूह | १९५५३१ | २००००० | ४४६९ |
| | | | | जम्मा | ४०५३१ |

| असुल गर्नुपर्ने | ४०,५३१ |
|---|---|

४७ **तेस्रो पक्षबाट कार्य गराएको-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भई तोकिएको कार्य

उपभोक्ता समिति आफैले गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नपाइने उल्लेख रहेको छ। पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने गरेको व्यहोरा खर्चका बिल भर्पाइहरूबाट देखिन आएको, पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ गर्नुपर्नेमा सो बमोजिम नभएकाले अनियमित भएको रु

| गो भौ र मिति | विवरण | निर्माण व्यवसायि | कुल काम | निर्माण व्यवसायिको विल |
|---|---|---|---|---|
| १०८ २०८१।९।२८ | आले सुधार विकास संस्था | बिमल ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०५६९६ | २१७३३८ |
| ११० २०८१।९।२८ | केलादि टोल विकास संस्था(बाटो मर्मत) | विषेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५३३४४५ | ५३४१६० |
| ११६ २०८१।१०।२ | दमार फेदी देखी खजरी भञ्ज्याङ | बिमल ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५१७९९६ | ५१८१६९ |
| 423 २०८२।२।२७ | हात्ती साल बेलथुम्की मोटरबाटो मर्मत | नरम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४२१९८३ | ४३१७७८ |
| ४२२ २०८२।२।२७ | बसेनी टोल सुधार समिति | नरम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५२८४२६ | ५३८६१४ |
| ३९२२०८२।२।२० | आहाले सुधार विकास संस्था | नरम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०५७२२ | २१६५९४ |
| २६९ २०८१।१२।२९ | भागर देखि हुर्जिलमा मो मर्मत उ स | योजना सप्लायर्स | ८६५००६ | ८६५१३८ |
| १२९ २०८१।१०।८ | गडाम्दी टोल विकास संस्था (बाटो स्तरउन्नती) | विषेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ११६६४१२ | ३५५०६४ |
| | | गोलाघाट कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | ५३१६०५ |
| | | मेफान्स कन्सट्रक्सन एण्ड सप्लायर्स | | ३१४९७६ |
| | | | ४४४४६८६ | ४५२३४३६ |
| | | | अनियमित भएको | ४४,४४,६८६ |

४८ **जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरू को जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, बोरिङ्ग लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो। अनुभवी र व्यवसायिक ज्ञान भएका निर्माण व्यवसायीबाट गराउनु पर्ने कार्य यसरी उपभोक्ता समितिबाट गराउदा काममा गुणस्तर नहुने हुदा यस्तो कार्य नियम सम्मत देखिदैन। यसरी देहाय अनुसार जटिल प्रकृतिको बोरिङ्ग खन्ने कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी भएको रकम नियमित हुनु पर्ने रु.

| गो भौ र मिति | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|
| ३९४ २०८३।२।२० | बाल उदय कृषक समूह | ४४५२८२ |
| ३७३ २०८१।२।१३ | किसान समूह | ३००००० |
| ३७२ २०८२।२।१३ | रत्न राज्य सिचाई उ स | ३००००० |
| ३७१ २०८२।२।१३ | स्कुलचोक सिचाई बोरिङ उ स | ४५२६१८ |
| २९५ २०८२।१।५ | शहिद स्मृति भुमिगत ट्युवेल सिचाई | १९८८१२ |
| | जम्मा | १६९६७१२ |

| | |
|---|---|
| अनियमित भएको | १६,९६,७१२ |

४९ **कन्टिन्जेन्सी खर्च-**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मर्मत तथा इन्धनमा रु.२० लाख २३ हजार, कार्यालय सञ्चालन तथा अनुगमनमा रु.१८ लाख १२ हजार र अन्य रु.२५ लाख ६ हजार समेत यस वर्ष रु.६३ लाख ४१ हजार कन्टिन्जेन्सी खर्च गरेको छ।

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

• महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार स्टेशनरी छपाई सूचना प्रकाशन इन्धन दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन।

• कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान इन्धन लगायतका चालु खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

• माथि उल्लेखित कानूनी व्यवस्थाको प्रतिकुल हुने गरि गो भौ नं ३३२ २०८२।१।१६ बाट वि पी स्मृति कप अन्तर पालिका रनिङ शिल्ड फुटवल प्रतियोगिता २०८१ फागुन ८ देखि फागुन १४ गतेसम्म सञ्चालन गरी गैंडाकोट खेलकुद समितिलाई रु.४९,२५०।- र होटल मनसरोवर एण्ड ब्याङकेट लाई रु.२,१८,१५८।– गरी कुल रु.२,७१,४८०।- खर्च गरिएकोले यसरी असम्बन्धित विषयमा गरिएको खर्च अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,७१,४८० |

५० **विजुली महसुल जरिवाना-**

१७२।२०८१।७।६ गणडकी प्रदेश खर्चको मापदण्ड, २०७९को दफा १६(२) बमोजिम पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र

नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले बिजुली महसुल रु.३२५१७४। भुक्तानी गर्दा नेपाल बिधुत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले रु.२१५१४। जरिवाना तिरेकोले कार्यालयलाई बढी दायित्व श्रृजना भएकोले नियमसम्मत नभएको रु...

| | |
|---|---|
| अनियमित भएको | २१,५१४ |

५१ **कार्यक्रम सरकारी हलमा नगरेको-**

प्रदेश खर्च मापदण्ड, २०७९ को दफा ६(१।२) बमोजिम सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सम्बन्धि कार्यक्रम संचालन गर्दा उपलब्ध भएसम्म सरकारी हलहरूमा संचालन गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका तालिमहरू सरकारी हलमा गर्नुपर्नेमा होटेलहरूमा सम्पन्न गरी रु.८,०४,५४३।- भुक्तानी गरेको देखिन्छ।कार्यालयले मापदण्ड बमोजिम मितव्ययी तवरले तालिम संचालन गर्नुपर्दछ।

| सिन | स्थान | विवरण | अबधि | रकम |
|---|---|---|---|---|
| १ | डेकोन एसोसिएट प्रालि बुटबल | क्षमता बिकास | तिन दिन | ४०००२० |
| २ | बन्दीपुर ईको होटेल बनुदीपुर | न्यायिक मेलमिलाप | दुई दिन | ४०४५२३ |
| | **जम्मा** | | | **८०४५४३** |

५२ **भुक्तानी बाँकीको दायित्व-**

आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (१३), (१४) र (१५) मा भुक्तानी दिन बाकी रहेको दायित्व रकमको लेखाङ्कन र प्रमाणिकरण सम्वन्धमा उल्लेख रहेको छ। कार्यालयले आ.व. २०८०/८१ मा बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानिय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन। कार्यालयले पेश गरेको बिबरण अनुसार आ.व. २०८०/८१ मा कार्य गरी भुक्तानी बाँकी रहेको रु.१५००००।०० भौचर नम्वर ७८ मिति २०८१।६।१३ बाट भुक्तानी गरेको प्राप्त बिबरणबाट देखिन्छ। यस स्थानिय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ बिश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जु गर्नुपर्नेमा कार्यालयले ध्यान दिनुपर्दछ।

५३ **कर समायोजनको प्रमाण पेश गर्नुपर्ने-**

३८७।२०८१।९।१ मूल्य अभिबृद्धि कर ऐन, २०५२को दफा ७ बमोजिम असूल गरेको मूल्य अभिबृद्धि करको विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले एम एस प्रन्टिङ्ग सलुसन पान न. ३०३३०७१५६ लाई कर विजक रु.१८,६२,१०५।- पेश गरेको आधारमा मू. अ. कर भुक्तानी गर्दा तीस प्रतिशत कार्यालयले कटाई आफै आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेमा पुरै मू. अ. कर रकम रु.२,१४,२२४।५० भुक्तानी दिएकोले आन्तरिक राजश्व कार्यालयको कर समायोजनको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१४,२२४ |

५४ **खाजा खर्च-**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८६ र ८८ मा स्थानिय निकायमा कार्यरत कर्मचारीको तलब तथा सेवा सुविधा प्रदेश तथा नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ। गैडाकोट नगरपालिका आन्तरिक नियन्त्रण प्रणाली तथा खर्च मापदण्ड, २०७९को अनुसूचि २ को २ मा नगरपालिकामा कार्यरत कर्मचारीलाई खाजा खर्च बापत मासिक रु.२०००।०० दिने व्यवस्था भएकोमा यस वर्ष आन्तरिक स्रोतबाट करिब २०० कर्मचारीलाई रु.४८,००,०००।– खर्च लेखेको छ। आन्तरिक आय र मितव्ययितालाई दृष्टिगत गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

५५ **शिक्षक तथा विद्यार्थी अनुपात-**

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ। यस पालिका अन्तर्गत ३३ वटा विद्यालयमा ४५७ जना शिक्षक दरबन्दी भएकोमा ४५७ जना पदपूर्ति भएको र पदपूर्तिमध्ये २७१ जना स्थायी र १८६ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ।

| क्र.सं | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/राहत | |
| १ | ३३ विद्यालय | ४५७ | २७१ | १८६ | १००५० |

उपर्युक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ३ जना विद्यार्थीहरूलाई पठन पाठन गराउनु पर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा नवलपरासी जिल्ला भित्री मधेस जिल्लाको सूचीमा रहेको छ। शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ५० जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा ३ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ। पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नुपर्दछ।

५६ **न्यून विद्यार्थी संख्या भएका विद्यालय-**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या तराईमा सामान्यतया ५० हुनुपर्ने उल्लेख छ। साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल ३३ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरूलाई यस पालिकाबाट जम्मा रु.२४,०७,०७,६८२।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरणअनुसार निम्नानुसार ९ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो। पालिकाले सम्भाव्यताका आधारमा विद्यार्थी अनुपात मिल्ने गरी कार्यविधि अनुसार शिक्षकको दरबन्दी मिलान तथा विद्यालय एकीकरण तथा समायोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं | विद्यालयको नाम र ठेगाना | शिक्षक दरबन्दी | संचालित कक्षा | विद्यार्थीको संख्या | शिक्षकसंख्या | | यो बर्ष कुलनिकासा रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायीकरार/ ज्यालादारी | |
| १ | नेपाल राष्ट्रिय शमसेरमा.वि | २४ | १० | ५५१ | १७ | ७ | १३५५०३३१ |
| २ | नवदुर्गा आ.वि. | ८ | ६ | १०४ | ५ | ३ | ३६८९४२९ |
| ३ | महेन्द्र स्मारक आ.वि | १२ | ८ | २०३ | ३ | ९ | ५४४१५९२ |
| ४ | कृष्ण गण्डकी मा.वि | २१ | १० | ३०० | १० | ११ | १०१७७८९१ |
| ५ | पञ्चकन्या आ.वि | ५ | ५ | २३ | ३ | २ | २२४५७६४ |
| ६ | जनजागृती आ.वि | ६ | ६ | २३ | ४ | २ | २७९२४०३ |
| ७ | जनता आ.वि | ५ | ५ | ३७ | २ | ३ | २१९७६२८ |
| ८ | मौला देवी आ.वि | ५ | ५ | ३४ | १ | ४ | २०६२४३७ |
| ९ | जनक मा.वि | ४५ | १२ | २०४७ | ३५ | १० | २६७६५४७७ |
| १० | भाग्योदय आ.वि | ६ | ५ | ८५ | ३ | ३ | २८०८६७८ |
| ११ | सृजनशिल आ.वि | २ | १ | ३९ | २ | १ | १४३८९६५ |
| १२ | नारायणी मा.वि | २० | १० | ३०८ | १२ | ८ | १०६७४९२७ |
| १३ | कालिका मा.वि | ३९ | १२ | १३२० | २८ | ११ | २३५३३६३३ |
| १४ | विजय आ.वि | १२ | ८ | १४६ | ६ | ६ | ५५१२३१७ |
| १५ | दुर्गा आ.वि | १० | ८ | ११६ | ४ | ६ | ४५३५९९७ |
| १६ | रत्न राज्य लक्ष्मीमा.वि | ३५ | १० | १२८८ | २२ | १३ | २१३९३५२० |
| १७ | कुमारवर्ती आ.वि | १० | ८ | १५८ | ४ | ६ | ४८०५६९७ |
| १८ | जनता मा.वि | २८ | १२ | ७४७ | १४ | १४ | १४९६०४५२ |
| १९ | मुकुन्दसेन आ.वि | १२ | ८ | २३४ | ६ | ६ | ५८१६१४० |
| २० | जनशक्ती आ.वि | १० | ८ | ८१ | ६ | ४ | ४८०२३१९ |
| २१ | नारायणी आ.वि | ८ | ७ | ८६ | ५ | ३ | ४०६०४७८ |
| २२ | दिपज्योती आ.वि | ६ | ५ | ६६ | ३ | ३ | २८७६७९२ |
| २३ | विजयज्योति आ.वि | ११ | ८ | १९३ | ८ | ३ | ५५२५६२४ |
| २४ | पञ्चज्योति आ.वि | १५ | ८ | २५५ | ८ | ७ | ७४५८९६४ |
| २५ | शंख देवी आ.वि | १० | ८ | ९६ | ६ | ४ | ४८०३८०७ |
| २६ | लक्ष्मी मा.वि | २७ | १२ | ७५९ | २१ | ६ | १६५९३७२४ |
| २७ | अमरज्योति मा.वि | २० | १० | ४९३ | १२ | ८ | १०५६७८१९ |
| २८ | बाल उदय आ.वि | ६ | ५ | ५७ | ४ | २ | २६५५९०४ |
| २९ | देउराली आ.वि | ७ | ५ | ४९ | ५ | २ | ३१२३३५२ |
| ३० | बाल ज्योती मा.वि | १७ | १० | १०६ | ६ | ११ | ८१८९१५१ |
| ३१ | विरेन्द्र आ.वि | ८ | ६ | ३० | ४ | ४ | ३११८१६६ |
| ३२ | त्रिशुली आ.वि | ४ | ५ | ८ | १ | ३ | १६२३८४५ |
| ३३ | जल देवी आ.वि | २ | १ | ८ | १ | १ | ९०४४५९ |
| जम्मा | | | | १००५० | २७१ | १८६ | २४०७०७६८२ |

५७ **निःशुल्क शिक्षा-**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकासदेखि बाह्र कक्षासम्मका कुल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसयदेखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत कुल २१ संस्थागत विद्यालय सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

५८ **शैक्षिक गुणस्तर-**

पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्दछ। पालिका अन्तर्गतका विधालयहरूको २०८१ को एस.ई.ई परीक्षामा ११९० जना विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा संस्थागत विद्यालय र सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छः

| सि. नं . | जिपिए | जम्मा सम्मिलितविद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | |
| १ | ३.६१-४.०० | ११९० | ८५ | ७९ | १६४ |
| २ | ३.२१-३.६० | ११९० | १४१ | १४७ | २८८ |
| ३ | २.८-३.२ | ११९० | ११७ | १७४ | २९१ |
| ४ | २.४-२.८ | ११९० | ४३ | ९६ | १३९ |
| ५ | २.००-२.४ | ११९० | | ६ | ६ |
| | जम्मा | ० | ३८६ | ५०२ | ८८८ |
| ६ | NG | ११९० | ३५ | १८७ | २२२ |
| | कुल जम्मा | | ४२१ | ६८९ | ११९० |

तालिका अनुसार सामुदायिक विद्यालयतर्फ ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी ७९, ३.२१-३.६० जिपिए ल्याउने विद्यार्थी १४७, २.८०-३.२० जिपिए ल्याउने १७४, २.४-२.८जिपिए ल्याउने ४३ रहेका छन्। यसरी सामुदायीक विद्यालयवाट १८७ जनाले ननग्रेड भएका देखिन्छ। यसरी पालिकाले सामुदायीक विद्यालयको शौक्षिक क्रियाकलापमा वृद्धी गरी पास प्रतिशत सुधार तथा गुण्स्तर वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५९ **दिवा खाजा-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गरी उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समूहबाट खरिद गर्ने र स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण, बिल भरपाई सुरक्षित राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसिमितिबाट अनुमोदन गरी विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था छ। पालिकाले

विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ३४ वटा सामुदायिक विद्यालयको खातामा रु.१,४०,९१,८७०।- निकासा गरेको छ। विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वयनको प्रगति तथा तोकिएबमोजिमको मार्गदर्शन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

६० **सेनिटरी प्याड-**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि विद्युतीय बोलपत्रको मार्फत ३४६ मिति २०८२।३।२५ बाट लाइफ केयर स्यानिटरी एण्ड न्याप्किन उद्योग एण्ड सप्लायर्स प्रा.लि. बाट २६३० छात्राका लागि ४ लाख २० हजार ८०० प्याकेट सेनिटरी प्याड खरिद गरी रु.२१,१४,८०४।२० भुक्तानी गरेको छ। खरिद गरिएका सामग्रीहरू पालिकाको जिन्सी खातामा दाखिला गरेको पाइएन। आर्थिक वर्षको अन्त्यमा २४ सामुदायिक विद्यालयहरूलाई सम्पूर्ण प्याडहरू हस्तान्तरण गरेको विवरण पेस भएको छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो। पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरूमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरू) ले पाए नपाएको सम्बन्धमा अनुगमन तथा विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरेको भरपाइ पेस हुन आएन। कार्यान्वयन पुस्तिकाअनुसार अनुगमन प्रतिवेदन सहितको विद्यालयमा आम्दानी बाँधेको प्रमाण पेस हुनुपर्दछ।

६१ **निःशुल्क शिक्षा व्यवस्थापन-**

नेपाल सरकारले सबै सरकारी विद्यालयमा आधारभूत तहको शिक्षा निशुल्क हुने घोषणा गरे बमोजिम EMIS को तथ्याङ्कको आधारमा शिक्षक दरबन्दी तथा अन्य खर्च व्यवस्थापन गरेको छ। यो वर्ष संघीय सरकारले शिक्षा तर्फ चालु अनुदानमा विभिन्न क्रियाकलापका लागि यस पालिकालाई रु.२९,०२,७५,०००।- बजेट व्यवस्था गरेकोमा रु.२७,२५,९१,५५७।- खर्च भएको पाइयो भने पालिकाको आन्तरिक स्रोतबाट (राजस्व बाँडफाँड समेत) यो वर्ष विभिन्न क्रियाकलापमा रु.३,२४,९९,३८०।- खर्च गरेको छ। निःशुल्क शिक्षा व्यवस्थापन र प्रोत्साहन सहयोग अन्तर्गत रु.१,५०,००,०००।– आन्तरिक स्रोतमा बजेट विनियोजन गरी ३४ विद्यालय र ३ बाल विकास केन्द्र समेत ३७ विद्यालयको लागि पानी तथा बिजुली, सरसफाइ, नियमित मर्मत, भैपरी आउने खर्च, विद्यालयमा आवश्यकताअनुसार सुत्केरी सट्टा शिक्षक व्यवस्थापन समेतलाई सहयोग गर्न शिक्षा समितिको निर्णय अनुसार ५ कक्षासम्म प्रति विद्यार्थी रु.२२००।– का दरले निःशुल्क विद्यार्थी संख्याको आधारमा निःशुल्क शिक्षा व्यवस्थापन प्रोत्साहन कार्यक्रम शीर्षकबाट रु.१,१३,८७,०६४।– र ७ वटा माध्यमिक विद्यालयको लागि थप रु.१ लाखका दरले रु.७,००,०००।- र १४ आधारभूत विद्यालयका लागि रु.७५ हजारका दरले रु.१०,५०,०००।- लाख गरी जम्मा रु.१,३१,३७,०६४।- निकासा गरेकोमा पालिकाले यस सम्बन्धमा प्रष्ट मापदण्ड सहितको कार्यविधि स्वीकृत गरेको पाइएन। स्वीकृत मापदण्ड र कार्यविधि बेगर न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरूसमेत सबै विद्यालयलाई समान आधारमा निकासा गरेको नियमसम्मत नदेखिएकोले खर्च गर्ने स्पष्ट मापदण्ड सहितको खर्च पुष्ट्याईँ हुने प्रमाण संलग्न गरी नियमित हुनुपर्ने रु.

| भौ.नं.।मिति | विद्यालय | रकम | कैफियत |
|---|---|---|---|
| १७।२०८१।८।२८ | ३७ विद्यालय | ७८४२००० | प्रति विद्यार्थी २२०० को दरले मापदण्ड बेगर अनुदान आवश्यक खर्चका बिल भरपाई पेस नभएको |
| २१।२०८१।९।१७ | २ विद्यालय | ९६६६६ | सुल्केरी सट्टा स्वयं सेवक शिक्षक प्राथमिक सहयोगीका लगि २०००० र अन्यका लागि १५००० |
| २७।२०८१।१०।९ | ३ विद्यालय | ३५५०० | बालविकास सहजकर्ता |
| ५८।२०८२।१।१६ | १ विद्यालय | २४६९८ | सुल्केरी सट्टा कर्मचारी व्यवस्थापन |
| ६७।२०८२।२।५ | १ विद्यालय | १०८००० | सुल्केरी सट्टा कर्मचारी व्यवस्थापन |
| ९७।२०८२।३।८ | ३५ विद्यालय | ३२८०२०० | दोस्रो किस्ता अनुदान |
| १३२।२०८२।३।२१ | ७ माध्यमिक विद्यालय र १४ आ वि | १७५०००० | सञ्चालन व्यवस्थापन वापत |
| | जम्मा | १३१३७०६४ | |

| अनियमित भएको | १,३१,३७,०६४ |
|---|---|

६२ **बालविकास सहजकर्ता-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं १.१.४.१ मा बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन सम्बन्धी व्यवस्था छ। जसअनुसार विद्यालय सहायक कर्मचारीको तलव रु.१३,५००।- बालविकास शिक्षकको रु.१०,०००।- तथा कार्यालय सहयोगीको रु.८,०००।– मध्ये नेपाल सरकारले निर्धारण गरेबमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम स्थानीय तहले थप गर्नुपर्नेमा भौ.नं. ११।२०८१।६।११ बाट जनक मा. वि. लाई १ जना लेखापाल, ३ जना बाल सहजकर्ता र २ जना विद्यालय कर्मचारीलाई प्रति महिना ९००० का दरले साउन भदौ असोज र चाडपर्व समेत रु.२,१६,०००।- र प्र. अ. भत्ता थप तीन महिनाको रु.१५००।- समेत कुल रु.२,१७,५००।- पालिकाबाट निकासा हुनुपर्नेमा रु.१,४५,५००।- मात्र निकासा गरी बाँकी रु.७२,०००।- संघीय सशर्तबाट खर्च लेखेकोले उक्त रकम पालिकाबाट संघीय सशर्तमा फिर्ता हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ७२,००० |
|---|---|

६३ **पेस्की फर्स्यौट-**

४९।२०८१।८।१६ गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च प्रमाणित हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। व्यवस्थापकीय तथा शैक्षिक गुणस्तर सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयमा नतिजामा आधारित प्रोत्साहन अनुदान वापत जनक माध्यमिक विद्यालय आर्थिक वर्ष २०७९।८० मा रु.५,००,०००।– पेस्की दिएकोमा विद्यालयबाट पेस भएका बिल भरपाईको आधारमा भौ.नं. ४९। २०८१।८।१४ बाट उक्त पेस्की फर्स्यौट भएको छ। विद्यालयबाट पेस भएका विल भरपाई परीक्षण गर्दा अधिकांश बिल भरपाईहरू आर्थिक वर्ष २०७९।८० भन्दा पछाडिका पेस भएकोले अनियमित देखिएको रु.

केही उदाहरण

| बिजक नं. | विजक मिति | सप्लायर्सको नाम | विवरण | रकम |
| --- | --- | --- | --- | --- |
| ०९८ | २०८१।१।४ | खनाल स्टिल फर्निचर उद्योग | ह्वाइट बोर्ड | १०१७०० |
| ००४ | २०८०।६।२५ | हिमालयन आइरन वर्क्स | डेस्क बेन्च सेट, ग्रिल आदि | ३६१०६८ |
| १०३ | २०८०।११।१२ | मेन्सन तन्दुरी एण्ड फेमिल रेष्टुरेन्ट | शैक्षिक अवलोकन खाना खाजा | १५८०० |
| ५२९ | २०८०।११।२ | हाइजेनिक फुड सेन्टर | खाजा खाना | १८५६० |
| ६०६ | २०८०।११।११ | प्रतिक्षा रेष्टुरेण्ट | खाजा खाना | ७०१५ |
| | २०८०।११।१२ | इन्द्रबहादुर सुनार | शिक्षक अभिभावक अवलोकन | ५६००० |
| | | | अनियमित भएको | ५,००,००० |

६४ **जिन्सी दाखिला-**

गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ (१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्याबधिक गर्नु गराउनुपर्नेछ भन्ने ब्यबस्था रहेको छ। पालिकाले संघीय सशर्त तर्फको आधारभूत प्रयोगशाला कार्यक्रमबाट पशु सेवा शाखाका लागि देहाय बमोजिम सामग्री सामग्रीहरू सन्तोषी माँ सर्जिकल हाउसबाट खरिद गरी रु.३,९८,३२२।- भुक्तानी गरेकोमा खरिद गरिएका सामग्रीको विद्यालयमा जिन्सी दाखिला भएको विवरण पेस भएन। जिन्सी दाखिला नगर्दा सामग्रीहरूको वास्तविक अवस्था यकिन गर्न नसकिने हुँदा खरिद गरिएका सामग्रीको ब्रान्ड मोडल स्पेसिफिकेशन र मू.अ. कर सहितको मूल्य खुल्ने विवरण जिन्सीमा आम्दानी बाँधेको प्रमाण पेस गर्नुपर्ने रु.

| क्र. सं. | विवरण | परिमाण | रकम |
|---|---|---|---|
| १ | Mircroscope binocular electric | १ | २७२६५ |
| २ | Glass Beaker 100ml | १० | ८४० |
| ३ | CMT Paddle | २ | ११२० |
| ४ | CMT reagent (Ready made) | ६ | १३१०४ |
| ५ | Rectified Sprit 400ml | ४ बोटल | ५३६ |
| ६ | Tea Stainer | ४ | १३४४ |
| ७ | Phenyl | ४ बोटल | ४४८ |
| ८ | Cotton roll 300 grms | १० | १९६० |
| ९ | Examination Gloves | १४ | ५५४४ |
| १० | Disposal Mask | ३० | ४४४० |
| ११ | Mortor and pestel | ४ | १६६८ |
| १२ | Urine Ph Strip (Multistick) | ३ | ३५२८ |
| १३ | Vaccutainer edta tube 1x100 | २ | २०१६ |
| १४ | Raincoat | १५ | ५८८०० |
| १५ | Gumboot | १५ | १०९२० |
| १६ | AI Gloves | ५० | ३१३५० |
| १७ | AI seath 1x50 | १०० | १४५०० |
| १८ | Hoof cutter | २ | १३८८८ |
| १९ | Cow lifter | २ | १५२३२० |
| २० | Vacutainer Needle | १०० | १०६२ |
| २१ | Glass slide | ५ | ५१० |
| २२ | Counting chamebr | २ | ६५४८ |
|  | जम्मा मूल्य अभिवृद्धि कर बाहेक |  | ३५३७११ |
|  | जम्मा मूल्य अभिवृद्धि कर समेत |  | ३९८३२२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९८,३२२ |

६५ **बढी भुक्तानी-**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरू सञ्चालन सम्बन्धी मार्गदर्शनको भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रममा स्थानीय तहबाट ३ जनाका लागि प्रति दिन रु.१०००।- दरले अनुगमन भत्ता दिने उल्लेख छ। पहिलो चरणको भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रमका लागि भौ.नं. ५१।२०८१।८। १९ बाट ५ जना कर्मचारीको लागि रु.१०,०००।- र दोस्रो चरणको लागि १८३।२०८२।१।२६ बाट ५ जनाको लागि रु.१०,०००।–

समेत जम्मा रु.२०,०००।- अनुगमन भत्ता उपलब्ध गराएको छ। मार्गदर्शन अनुसार जम्मा रु.१२,०००।- अनुगमन भत्ता दिनुपर्नेमा बढी भुक्तानी भएको कर कट्टी पछिको रु.६,८००।- कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८०० |

६६ **पारिश्रमिक आय कर-**

आय कर ऐन, २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ बमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको कर्मचारीको कर कट्टा गर्ने छुट भएको देखिएको असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | करयोग्य आय | पारिश्रमिक कर रकम |
|---|---|---|---|
| १ | बालकृष्ण चापागाई | ६१५८७० | १५८७ |
| | | जम्मा | १५८७.०१ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,६५५.४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,०२३.७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,६५५.४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८७.०१ |

६७ **कृषि पशु अनुदान-**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषितर्फ ३६४४ जना कृषकको लागि रु.१ करोड ४४ लाख ९९ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गरी अनुदान रकमको समुचित उपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

| क्र.सं. | अनुदानको किसिम | व्यक्ति संख्या | रकम |
|---|---|---|---|
| | संघीय सशर्त | | |
| १ | खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान (धान) | ३४२५ | १०६७५६६ |
| २ | किसान सूचीकरण कार्यक्रम | १८८८ | १९५०४० |
| ३ | आ.व २०८१/८२ मा नँया तरकारी पकेट बिकास कार्यक्रम | ३५ | ७८६७३४ |
| ४ | आ.व २०८१/८२ मा नँया मकैबालि पकेट बिकास कार्यक्रम संचालन | ७८ | १२००००० |
| ५ | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरूको तलब भत्ता | १ | १६४५१० |
| ६ | कृषि स्नातक करार | १ | ५०५१४१ |
| | आन्तरिक स्रोत | | |
| १ | आकस्मिक बाली संरक्षण | ७७० | ३००००० |
| २ | विभिन्न तालिम संन्चालन | २१० | ८६८६५ |
| ३ | फुलखेति बिउ बितरण कार्यक्रम | ४५ | ९०००० |
| ४ | दिवसिय तथा प्रवर्धन कार्यक्रम | ३०० | ४४४३० |
| ५ | मागमा आधारित कार्यक्रम | ५०० | २००००० |
| ६ | करेसाबारी प्रोत्साहान कार्यक्रम | १००० | ४००००० |
| ७ | साना सिंचाई पूर्वाधार निर्माण | ३४० | ४८७१७०८ |
| ८ | च्याउ घर तथा विउ बितरण कार्यक्रम | २६५ जना/ ३ च्याउ घर | ६४६७८४ |
| ९ | व्यवसायिक तरकारी खेति | ५० | २२८१०५ |
| १० | कम्पोस्टिङ कार्यक्रम | ६० | १९३९०८ |
| ११ | डिजिटल माटो परिक्षण किट खरिद | ल्याब निर्माण | ५८२७५७ |
| १२ | बेसार उत्पादन कार्यक्रम | ३० | ९९७२० |
| १३ | बगर खेति प्रवर्धन | १५ | ४०००० |
| १४ | कृषि यन्त्रीकरण | ५० | १००००० |
| १५ | प्रविधि प्रदर्शन | २ | ८७२८८ |
| १६ | मौरी प्रवर्धन कार्यक्रम | ६ | ३९६००० |
| | जम्मा | | ११४९९८२२ |

६८ **अनुपातिक कट्टी**-

१५०।२०८१।१२।२० प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को बुंदा नं ५ मा कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू वा कृषि उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने कृषि पूर्वाधारहरूमा अधिकत पचासी प्रतिशत अनुदान उपलब्ध गराउन सक्ने उल्लेख छ। पालिकाले बेलटारी कृषक समूहसँग कुलो निर्माण गर्न कन्टिन्जेन्सी बाहेक रु.१०,९९,९००।९६ मा सम्झौता गरेको छ। प्राविधिक कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१०,९३,३९५।– मा कार्यसम्पन्न गरेकोमा उक्त रकमको रु.१,६४,००९।– लागत सहभागिता कट्टी गरी

रु.९,२९,३८५।– भुक्तानी गर्नुपर्नेमा रु.१,२९,१३२।– मात्र कट्टी गरी रु.९,६४,२६३।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.३४,८७८।– असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,८७८ |

६९ **फिर्ता गर्नुपर्ने-**

२६८।२०८२।३।१३ प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ मा को बुंदा नं २३ मा बीउ उत्पादनमा संलग्न कृषक समूह, सहकारीलाई श्रोत बीउ, बीउ ग्रेडर, लगायतका सामग्रीहरू ५० सम्म प्रतिशत अनुदानमा वितरण गर्ने व्यवस्था छ। खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत विभिन्न कृषक तथा समूहरूले ५० प्रतिशतले हुने रकम अग्रिम रुपमा पालिकाको राजस्व खातामा दाखिला गरेको छ। कृषक तथा समूहहरूले पेस गरेको स्रेस्ता परीक्षण गर्दा रु.१७,७५,६३४।– मूल्य बराबरको धानको बिउ खरिद बिल पेस गरेकोमा उक्त रकमको ५० प्रतिशतले हुने रकम रु.८,८७,८१७।– र ढुवानी खर्च रु.५३,७४५।– समेत रु.९,४१,५६२।– संघीय सशर्तबाट खर्च लेख्नुपर्नेमा रु.१०,०५,४६५।– भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.६३,९०३।– पालिकाको सञ्चित कोषबाट संघीय सञ्चित कोषमा फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,९०३ |

७० **अतिरिक्त समय भत्ता-**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१ **नर्म्सभन्दा बढी दरमा भुक्तानी-**

अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ नवौंमा तालिक केन्द्रबाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका अधिकृतस्तरकको स्रोत व्यक्ति/प्रशिक्षकलाई नगरपालिका स्तरीय तालिम, कार्यक्रम तथा गोष्ठीमा कार्यपत्र वापत रु.१०००।– र कक्षा सञ्चालन वापत रु.६००।– भत्ता दिने व्यवस्था छ। पालिकाले निम्नानुसार कार्यक्रममा प्रशिक्षण गरेवापत प्रति सेसन रु.१८००।– दरले भुक्तानी गरी रु.५२७०।- बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं.।मिति | कार्यक्रम | भुक्तानी | जम्मा सेसन | भुक्तानी भएको सेसन दर | जम्मा | कर कट्टी पछिको भुक्तानी | हुनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २९५।२०८२।३।१८ | बहुक्षेत्रीय पोषण कार्यक्रम | माधव आचार्य | २ | १८०० | ३६०० | ३०६० | २७२० | ३४० |
| २९८।२०८२।३।१८ | पोषणमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण | माधव आचार्य | ६ | १८०० | १०८०० | ९१८० | ८१६० | १०२० |
| | | | | | | | जम्मा | १३६० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,२१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६० |

७२ **लघुउद्यम कार्यक्रम-**

२२१।२०८२।२।२१ गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सिलाई कटाई तालिम, ब्युटी पार्लर, केरा रेसाबाट हस्तकला सामग्री बनाउने लगायतका तालिम संचालन गरी रु.१३,१७,०३५।- भुक्तानी गरेकोमा सिलाई कटाइ तालिबाट राजस्व प्राप्त गरेपनि अन्य तालिमबाट के कति सामान वा वस्तुहरू उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन। सो यकिन गरी ती वस्तु तथा सामानहरू बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

७३ **प्रधानमन्त्री स्वरोजगार-**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा मन्दिर परिसर व्यवस्थापन, बाटो मर्मत, नाला निर्माण लगायतका ९ योजना सञ्चालन गरी यस वर्ष १३२ जनालाई औसत ४६ दिनले ६००० दिन रोजगारी उपलव्ध गराई रु.३७,८१,८१८।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

७४ **बैङ्क मार्फत भुक्तानी-**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २८(१) मा श्रमिकलाई रोजगार वापतको पारिश्रमिक भुक्तानी गर्दा बैङ्क खातामार्फत गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत निम्नानुसार योजनाका श्रमिकहरूको बैङ्क खातामा गरेको प्रमाण पेस हुन आएन। निर्देशिका बमोजिम सम्बन्धित श्रमिकहरूको बैङ्क खातामा भुक्तानी भएको प्रमाण पेस हुनुपर्ने रु.

| भौ.नं.।मिति | योजनाको नाम | श्रमिक संख्या | रकम |
|---|---|---|---|
| ३४०।२०८२।३।२३ | वडा नं. गोक्रेफाँट बाटो निर्माण | १८ | ६०१२०० |
| ३४७।२०८२।३।२५ | कार्यस्थलमा आधारित सीप विकास तालिम मेसन तर्फ | २० जना ५० दिन | १२६९२०० |
| | कार्यस्थलमा आधारित सीप विकास तालिम इलेक्ट्रिसियनतर्फ | १८ जना ५० दिन | |
| | | जम्मा | १८७०४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,७०,४०० |

७५ **सामाजिक सुरक्षा-**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। नगरपालिकालाई सामाजिक सुरक्षा तथा संरक्षणतर्फको कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.२८,०२,७१,४७५।७१ प्राप्त भएकोमा सोही रकम खर्च जनाई आर्थिक विवरण पेश भएको छ।यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

**निष्कृय खाताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले इफटीको मार्फत सम्बन्धित लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो। पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन।कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरूले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र पालिकाले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**लगत कट्टाको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ। पालिकाले लेखापरीक्षणको क्रममा लाभग्राहीको लगत कट्टा गरेको विवरण पेश गरेतापनि कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी लगत कट्टा हुनुपर्नेमा सो प्रकृया पुरा गरेको देखिएन। साथै धेरै लाभग्राहीको लगतकट्टा एकै मितिमा भएको सम्बन्धमा आश्वस्त हुन सकिएन। लगत कट्टा समयमै अद्यावधिक गरी मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ।

**सार्वजनिक सुनुवाईः** पालिकाले सामाजिक सुरक्षा भत्ता कार्यविधी, २०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासिक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्य तथ्य बुझि लगत कट्टा गर्नुपर्नेमा गरेको पाईएन। साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था एकिन गरी पालिकाले समयमै छानविन गरी लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

७६ **स्रेस्ता पेस नभएको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले २०८२।५।२४ गते जेनजी पुस्ताको आन्दोलनका क्रममा मुख्य प्रशासकीय भवन लगायत कार्यालय परिसरमा

रहेका विभिन्न भवनहरू ३६ प्रकारका फर्निचर तथा फिक्चर्स, जिन्सी मालसामान, ७५ प्रकारका सवारी साधन, मेकानिकल तथा इलेक्ट्रोनिक्स सामग्री, २७ प्रकारका मसलन्द तथा छपाई सामग्री, विभिन्न विषयगत शाखाका विभिन्न स्रेस्ताहरू, ३३२ प्रकारका औषधीजन्य सामग्रीहरू, आवासमा रहेका भान्साका विभिन्न सामग्रीहरू, २० प्रकारका विपद् व्यवस्थापन तर्फका सामग्री, ७ प्रकारका जेष्ठ नागरिक तर्फका जिन्सी मालसामानहरू जलेको तथा तोडफोड भएको एवं तथा वडा नं. ५, ७, ८ र ९ को वडा कार्यालय भवन र त्यहाँ रहेका विभिन्न जिन्सी मालसामानमा क्षति पुगेको प्रहरी प्रतिवेदन (घटनास्थल मुचुल्का) लेखापरीक्षणका क्रममा पेस भएको छ। लेखापरीक्षणकको क्रममा निम्नबमोजिम गोश्वारा भौचरहरूसँग संलग्न स्रेस्ताहरू परीक्षणका लागि पेस नहुनुका साथै साथै कतिपय विषयगत शाखाका सम्बन्धित स्रेस्ता पेस भएको छैन।

| क्र.सं. | बजेट उपशीर्षक | गौ भौ न | मिति | खर्च शिर्षक | बजेट खर्च रकम |
|---|---|---|---|---|---|
| १ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ५९४ | ०३/२१/२०८२ | विभिन्न बाटो ग्रावेल | ४२८५९ |
| २ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ५९५ | ०३/२१/२०८२ | सप्तऋषि मार्ग १ | ४९७९४२ |
| ३ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ५९६ | ०३/२१/२०८२ | वडा नं ५ विपद व्यवस्थापन | २००००० |
| ४ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ५९७ | ०३/२१/२०८२ | मुकुन्दसेन पर्यटकीय पार्क १० | ४००००० |
| ५ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ५९८ | ०३/२१/२०८२ | कालिगण्डकी ज्ञानबिज्ञान केन्द्र-१ | ३९३७९१ |
| ६ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ५९९ | ०३/२१/२०८२ | रिसिंगे टोल मोजाइक टायल १३ | ७१०६७७ |
| ७ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०० | ०३/२१/२०८२ | भृकुटी टोल राजेन्द्र गौडेलको घर अगाडी मोज्याक टायल लगाउने | २९९५९८ |
| ८ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०१ | ०३/२१/२०८२ | अन्य सार्वजनिक निर्माण कार्यपालिकाको निर्णय अनुसारका योजनाहरूको | २४९३१३ |
| ९ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०२ | ०३/२१/२०८२ | हडबडे खोला व्यवस्थापन | २००००० |
| १० | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०३ | ०३/२१/२०८२ | नागेश्वर टोल विकास संस्थामा नाली ब्यवस्थापन | १६८४७६ |
| ११ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०४ | ०३/२१/२०८२ | मुकुन्दसेन पर्यटकीय पार्क १० | ३८२७११ |
| १२ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०५ | ०३/२१/२०८२ | मुकुन्दसेन पर्यटकीय पार्क १० | ३४८२४५ |
| १३ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०६ | ०३/२१/२०८२ | बालज्योति मावि सञ्चालन तथा व्यवस्थापन | १००००० |
| १४ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०७ | ०३/२१/२०८२ | विभिन्न बाटो ग्रावेल | ८०९९५ |
| १५ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०८ | ०३/२२/२०८२ | वडा भित्रका चौतारी मर्मत सुधार | ६७०९७ |
| १६ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६०९ | ०३/२२/२०८२ | वडा भित्रका चौतारी मर्मत सुधार | ६७०९७ |
| १७ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१० | ०३/२२/२०८२ | अन्य सार्वजनिक निर्माण कार्यपालिकाको निर्णय अनुसारका योजनाहरू | २५०००० |
| १८ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६११ | ०३/२२/२०८२ | लक्ष्मीनरसिंह दिव्यधाम वडा १ | ५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१२ | ०३/२२/२०८२ | भेलनटाँडी सतह सिंचाइ | २९५६० |
| २० | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१३ | ०३/२२/२०८२ | उज्यालो वडा कार्यक्रम | २२७०० |
| २१ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१४ | ०३/२२/२०८२ | अन्य सार्वजनिक निर्माण कार्यपालिकाको निर्णय अनुसारका योजनाहरू | १२९०९३१ |
| २२ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१५ | ०३/२२/२०८२ | विश्वकर्मा बाबा भेलनटाँडी | १२६५११ |
| २३ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१६ | ०३/२२/२०८२ | बाबाजी कृषि मार्ग (पिसपार्क ) ग्रावेल | ९८७६७ |
| २४ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१७ | ०३/२२/२०८२ | तुलसी मार्ग(नारायणी र कुसुमघाट टोल | २८०१६० |
| २५ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१८ | ०३/२२/२०८२ | तुलसी मार्ग(नारायणी र कुसुमघाट टोल | २८०१६० |
| २६ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६१९ | ०३/२२/२०८२ | तुलसी मार्ग(नारायणी र कुसुमघाट टोल) | २८०१६० |
| २७ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२० | ०३/२२/२०८२ | सिंचाई भल्वको व्यवस्थापन | ३७९७७३ |
| २८ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२१ | ०३/२२/२०८२ | अन्य सार्वजनिक निर्माण कार्यपालिकाको निर्णय अनुसारका योजनाहरू | ६५७७४९ |
| २९ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२२ | ०३/२२/२०८२ | तिलक प्रसाद प्रतिष्ठान योग तथा प्राकृतिक चिकित्सा | ४९९९५० |
| ३० | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२३ | ०३/२२/२०८२ | वडाका विभिन्न ठाउँमा विद्युत तार पोल मर्मत | ७१६६१ |
| ३१ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२४ | ०३/२२/२०८२ | विपद कोष | ४०००० |
| ३२ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२५ | ०३/२२/२०८२ | ह्युम पाइप तथा विद्युत पोल खरिद | ९६२४९ |
| ३३ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२६ | ०३/२२/२०८२ | अमर बोर्डिङ नजिकै सुबेदी मार्गमा मोजाईक टायल(साझेदारी कार्यक्रम) | २४९०६७ |
| ३४ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२७ | ०३/२२/२०८२ | वडाका विभिन्न ठाउँमा विद्युत तार पोल मर्मत | १९९९८ |
| ३५ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२८ | ०३/२३/२०८२ | प्रजापति कंडेलको घर देखि कालिका मिल ७ | ७००००० |
| ३६ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६२९ | ०३/२३/२०८२ | आदर्श तमु चिहान डांडा संरक्षण ( | ९१०० |
| ३७ | गैंडाकोट नगर कार्यपालिका | ६३० | ०३/२३/२०८२ | केलादी हर्दी भोक्रोफाँट अधुरो सिंचाई सम्पन्न | २९८६०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुँजीगत | | | | |
| ३८ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३१ | ०३/२३/२०८२ | कृष्ण गण्डकी मा.वि. ३ | ८९७४५२ |
| ३९ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३२ | ०३/२३/२०८२ | उज्यालो वडा कार्यक्रम | २००३८३ |
| ४० | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३३ | ०३/२३/२०८२ | जागृति मार्ग | ११००० |
| ४१ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३४ | ०३/२३/२०८२ | गोलघर निर्माण व्यायाम पार्क मर्मत | ३४३४८७ |
| ४२ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३५ | ०३/२३/२०८२ | शितल टोलमा रहेको बोरिङमा मोटर लाईन विस्तार तथा पाईप विस्तार | ८८३०१ |
| ४३ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३६ | ०३/२३/२०८२ | रामु पौडेल अधिकृत छैठौं | ४००००० |
| ४४ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३७ | ०३/२३/२०८२ | डा नं. १५ मा खेलमैदान तथा पार्क निर्माण | १९८३०० |
| ४५ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३८ | ०३/२३/२०८२ | अन्य सार्वजनिक निर्माण कार्यपालिकाको निर्णय अनुसारका योजनाहरू | ८६२७३ |
| ४६ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६३९ | ०३/२३/२०८२ | बेल्डिया चोक देखि सुमी डिष्टिलरी हुदै नारायणी सम्मको बाटोको पूर्वाधार निर्माण वडा १३ | ४४८९० |
| ४७ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४० | ०३/२३/२०८२ | वाल कृष्ण पाण्डेको कुलो व्यवस्थापन | ५८५७० |
| ४८ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४१ | ०३/२३/२०८२ | नेवार समाज शौचालय निर्माण | ९९७२२ |
| ४९ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४२ | ०३/२३/२०८२ | हड्बडे खोला देखि झाम्पानी खोला तटबन्धन १० | २५४६०० |
| ५० | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४३ | ०३/२३/२०८२ | विद्युत व्यवस्थापन | ८०००० |
| ५१ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४४ | ०३/२३/२०८२ | कासिनाथ को जग्गा बाट १२ नं. मा निस्कने बाटो स्तरोन्नति १४ | १३०५१५ |
| ५२ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४५ | ०३/२३/२०८२ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ५०००००० |
| ५३ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४६ | ०३/२३/२०८२ | छहारी क्लब जाने बाटो मोजाइक टायल वडा नं. १४ | ९८३३१९ |
| ५४ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४७ | ०३/२३/२०८२ | विपद कोष | ९५४४५९ |
| ५५ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४८ | ०३/२३/२०८२ | दुर्गा मन्दिर तथा राम मन्दिर व्यवस्थापन | १०८३७२ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५६ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६४९ | ०३/२४/२०८२ | मेला काग्यु लिङ महाबौद्ध गुम्बा जाने सिडी निर्माण वडा नं. ९ | ३००००० |
| ५७ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५० | ०३/२४/२०८२ | बिभिन्न योजना तथा कार्यक्रम भुक्तानी | ३५०००० |
| ५८ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५१ | ०३/२४/२०८२ | लक्ष्मी मा.वि. कोठा थप १५ | १४६१३८३ |
| ५९ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५२ | ०३/२४/२०८२ | बिभिन्न योजना तथा कार्यक्रम भुक्तानी | ३९१४१९ |
| ६० | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५३ | ०३/२४/२०८२ | बिभिन्न योजना तथा कार्यक्रम भुक्तानी। | २००००० |
| ६१ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५४ | ०३/२४/२०८२ | बिभिन्न योजना तथा कार्यक्रम भुक्तानी। | ५९८७१७ |
| ६२ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५५ | ०३/२४/२०८२ | बाटो ग्रावेल विभिन्न ठाउमा | ८६७०६८ |
| ६३ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५६ | ०३/२४/२०८२ | मुक्ति समसान घाट पूर्वाधार निर्माण १७ | ३००००० |
| ६४ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५७ | ०३/२४/२०८२ | आवास मार्ग स्तरोन्नती(नारायणी टोल) ( | २४९४१५ |
| ६५ | गैंडाकोट नगर कार्यपालिका पुँजीगत | ६५८ | ०३/२४/२०८२ | कालिका मन्दिर पर्खाल निर्माण ८ | ५००००० |
